जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३१, २०७६ साल मंसिर २० गते शुक्रबार, नेपाल संवत् ११४० (Dec. 6, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## नेपाल उत्कृष्ट गन्तव्य

काठमाडौं । संसारका नब्बे मुलुकमा फैलिएको पर्यटन क्षेत्रमा कहलिएका र नेतृत्वदायी भूमिकामा रहेका व्यवसायीको संस्था स्कलले नेपाललाई सन् २०२० का लागि उत्कृष्ट गन्तव्य मुलुक (स्कल डेस्टिनेसन अफ द एयर २०२०) घोषणा गरेको छ ।

विश्वभर १५ हजार सदस्य भएको यो संस्थाको घोषणाले भ्रमण वर्ष २०२० लाई थप मद्दत पुग्ने बताउँदै काठमाडौंस्थित स्कल क्लब अफ नेपालले आजदेखि काठमाडौंबाट चितवन र पोखरा हुँदै काठमाडौंसम्मका लागि तीन दिने कार र्‍यालीको बाँकी ८ पेजमा

## अमेरिकी सहायक रक्षामन्त्री नेपालमा

काठमाडौं । संयुक्त राज्य अमेरिकाका सहायक रक्षामन्त्री रान्डल स्कीभर नेपाल भ्रमणमा आएका छन् । उनले हिजो प्रधानसेनापति पूर्णचन्द्र थापासँग भेटवार्ता गरेका छन् ।

जंगीअड्डामा भएको भेटमा सैन्य सहायताको विषयमा छलफल भएको सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

निर्देशनालयले भनेको छ, 'भेटमा उहाँहरुबीच नेपाली सेनाको विपद् व्यवस्थापन बाँकी ८ पेजमा

# कालापानी नछोड्ने भारतको संकेत

काठमाडौं । विशेष राज्यको दर्जा प्राप्त जम्मु र कस्मिरलाई केन्द्र शासित प्रदेशमा परिणत गरेपछि भारतले २ नोभेम्बरमा नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेसँगै सात दशक लामो नेपाल-भारत सीमा विवाद फेरि बल्भिएको छ । नेपालको पश्चिमी सीमा लिम्पियाधुरा हुँदै कालापानी लिपुलेकसम्मको क्षेत्र आफ्नो भूभागमा पारेर भारतले एकतर्फी ढंगले सार्वजनिक गरेको नक्साले आम नेपालीमा तीव्र आक्रोश जन्माएको छ । परराष्ट्र मन्त्रालयले २० कात्तिकमा विज्ञप्ति जारी गर्दै कालापानीको भूभाग आफ्नो भएकोमा सरकार प्रस्ट भएको भन्दै नेपाली जनताको असन्तुष्टिलाई सम्बोधन गर्न खोजे पनि कूटनीतिक पहलमार्फत भूभाग फिर्ता ल्याउन खासै सक्रियता देखाएको पाइएको छैन । कालापानी मामिलामा तालुकदार मानिएको परराष्ट्र मन्त्रालय कहाँ छ ? परराष्ट्र सचिव स्तरीय संयन्त्र के गर्दैछ ? नागरिक तहबाट प्रश्न उठिरहेको छ ।

नेपाल र भारतका दुई पूर्व परराष्ट्र सचिवका कालापानीबारे आएका टिप्पटिले कालापानी मुद्दा पेचिलो बन्दै गएको देखिन्छ । २१ कात्तिकमा भारतीय विदेश मन्त्रालयद्वारा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता रविशकुमारले आफ्नो देशको



नयाँ नक्साले सार्वभौम भारतको प्रतिनिधित्व गर्ने भन्दै सीमा परिवर्तन नगरिएको बताएका थिए । यद्यपि दुवै देशले बाँकी सीमा विवाद समस्या समाधानका लागि काम गरिरहेको र आपसी सहमतिमा सल्टाउन सकिने धारणा सार्वजनिक गरेका थिए । तर गत साता नेपालका लागि भारतका पूर्वराजदूत एवं भारतीय विदेश मन्त्रालयका पूर्वसचिव श्यामशरणले भारतीय अखबार 'द इन्डियन एक्सप्रेस' मा लेख लेखे- 'कालापानी मुद्दामा नेपालले छलफल चाहेको छैन, द्विपक्षीय एजेन्डामा नेपालले कालापानीलाई राख्न चाहेको छैन ।' यसको प्रतिवाद गर्दै पूर्वपरराष्ट्र सचिव मधुरमण आचार्यले ट्विट गरे.. तत्कालीन (२००३) भारतीय राजदूत श्यामशरणले नै प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण क्रममा कालापानी र सन् १९५० को सन्धिलाई संयुक्त, वक्तव्यबाट हटाउन लबिङ गरेका थिए । श्यामशरणले लेखमा अगाडि लेखेका छन्- यस नयाँ नक्साको नेपालसँग कुनै सरोकार छैन ।

यी नक्सा जम्मु र कस्मिर राज्यलाई हालै दुई नयाँ टेरीटोरी, जम्मु कस्मिर र लद्दाखमा गरिएको विभाजनलाई देखाउन प्रकाशित गरिएको थियो । यसमा नेपाल र भारतबीचको सीमामा कुनै परिवर्तन गरिएको थिएन । तथापि नयाँ नक्साको प्रकाशनलाई पूर्ववर्ती अडान फेरेर नक्सा अतिक्रमण गरेको भ्रम छरिएको छ । श्यामशरणको यो धारणा भारतीय ब्युरोक्र्याट्सको आधिकारिक धारणासँग मिल्दोजुल्दो छ । भारत सितिमिति कालापानी छोड्ने मुडमा नरहेको श्यामशरणले संकेत गरेका छन् ।

कालापानी सन्दर्भमा परराष्ट्र मन्त्रालय कसैले थाहा नपाउने गरी आन्तरिक तयारीमा छ । परराष्ट्र सचिव शंकर बैरागीले एक महिनाअघि मिडियामा भनेका थिए- 'यस विषयमा हामीले भारतीय पक्षसँग कुरा गर्नैपर्ने हुन्छ । कुराकानीका लागि छिट्टै टुंगो लाग्छ । त्यसयता परराष्ट्र टुंगो लाग्छ । त्यसयता परराष्ट्र मन्त्रालयले सीमा विवादका विषयमा के पहल गर्दैछ कसैलाई थाहा छैन । सीमा विवाद हल गर्न दुवै देशका परराष्ट्र सचिव स्तरीय संयन्त्रको बैठक नै नबसी भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई आफ्नो नक्साभित्र समेटेर आफ्नो सम्प्रभुता दाबी गर्नु उसको भौगोलिक विस्तारवादी चरित्र प्रदर्शन गर्नु हो । परराष्ट्र सचिव स्तरीय संयुक्त बैठकका लागि परराष्ट्र मन्त्रालयले पहल गरिरहेको बारे समेत थाहा हुन सकेको छैन । प्रधानमन्त्री केपी ओलीले विदेशी सेना फिर्ता जानुपर्छ, एक इन्च अरुको जमिन चाहिँदैन, आफ्नो पनि छोडिँदैन...पद राष्ट्रियताभन्दा ठूलो होइन, सरकार ढल्छ भने ढलोस्... जस्ता अभिव्यक्ति दिए । तर उनी बिरामी परेसँगै कालापानी, सुस्ता विवाद पनि बिरामी पर्नु र भारतले कालापानी नत्याग्ने दम्भ देखाउनुले नेपाल-भारत कूटनीतिक सम्बन्ध धरापमा पर्दै गएको छ ।

संसदको राज्य व्यवस्था तथा सुशासन समिति स्थलगत अनुगमनका लागि जाने तयारी गरे पनि सभामुख नभएका कारण प्रक्रिया तत्कालका लागि अघि बढ्न सकेको बाँकी ८ पेजमा

## रत्नपार्क अघोषित रेड एरिया

**गोविन्द विश्वकर्मा**

रत्नपार्क अघोषित रेड एरियाको रुपमा चिनिन थालिएको छ । त्यहाँ हुने यौन मोलमोलाईको क्रियाकलापले यसलाई पुष्ट्याइँ गरेको छ । विभिन्न जिल्लाबाट राजधानी आउने मान्छेहरुको पहिलो गन्तव्य रत्नपार्क हुने गर्छ ।

रत्नपार्क घुम्न नजाने मान्छे विरलै हुन्छन् । पहिलाको तुलनामा रत्नपार्क अहिले व्यवस्थित भएको छ । रत्नपार्कभित्र प्रवेशको लागि टिकट प्रणाली लागू भएपछि यो ठाउँ अलि व्यवस्थित भएको हो । त्यहाँको वातावरण रामणीय भएको हुनाले परिवारहरु आफ्ना बालबालिकासमेत लिएर घुम्न जानेको संख्या अहिले निकै बढेको छ ।

बालबालिकादेखि वृद्धहरुसम्मका मानिसको भीड रत्नपार्कमा लाग्ने गर्छ । यो भीडसँगै रत्नपार्कमा यौन विकृतिहरु पनि फैलिरहेका छन् । विभिन्न समयमा त्यहाँका विकृतिसँगै बाँकी ८ पेजमा

## लिपुलेक नाकासम्म धमाधम सडक निर्माण

काठमाडौं । नेपालले लिम्पियाधुरा, कालापानी र लिपुलेकमा आफ्नो दावी दोहोर्‍याइरहँदा भारतले नेपाल भारत सीमा नदी महाकालीको किनारैकिनार लिपुलेक सडक निर्माण गरिरहेको छ । नेपालको अनुपस्थितिमा लिपुलेकलाई त्रिदेशीय बिन्दु मान्ने विषयमा भारत र चीन सहमत भएपछि भारतले सडक निर्माणलाई अघि बढाएको हो । लिपुलेक कब्जा जमाउन भारतले पछिल्लो समय चीनको साथ लिएको छ । सन् १९९९ मा भारतीय विदेशमन्त्री जसवन्त सिंहको चीन भ्रमण, सन् २००५ मा चिनियाँ प्रधानमन्त्री वेन च्यापाओको भारत भ्रमण तथा सन् २०१४ मा चिनियाँ राष्ट्रपति सी जिन पिङको भारत भ्रमणका क्रममा नेपाली भूमि लिपुलेक व्यापारिक मार्ग खोल्नेबारे दुवै देशबीच छलफल भएको थियो ।

सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा लिपुलेक भन्ज्याङलाई व्यापारिक मार्ग



बनाउने भनी सम्भौता गरियो । नेपाली भूमि प्रयोगबारे नेपाललाई थाहै नदिई दुई छिमेकी देशका सरकार प्रमुखले गरेको सहमतिबाट नेपाल भस्किएको थियो । तर नेपालले लिपुलेकका विषयमा खासै कूटनीतिक पहल नगर्दा अहिले भारतले यो स्थान हड्पिसकेको अवस्था छ । सन् २०१५ मा भारतीय प्रधानमन्त्री मोदी नेपाल आएको बेला कालापानी र सुस्ताको सीमा विवाद परराष्ट्र सचिव तहबाट समाधान गर्न दुवै देश सहमत भएका थिए । तर अहिलेसम्म विदेश सचिवस्तरको संयन्त्रले विवाद सामाधानका लागि कुनै सुरसार गरेको छैन ।

बेलायतको इस्टइन्डिया कम्पनी सरकार र नेपालबीचको सुगौली सन्धिले महाकाली (काली) नदीलाई सिमाना मानेर दुई देशलाई छुट्याएको छ । सुगौली सन्धिको दस्तावेज, उक्त क्षेत्रको नक्सा र भूगोलको अध्ययन गरेका जानकारहरु दार्चुलाको ब्यास गाउँपालिका १ स्थित लिम्पियाधुरा हुँदै आउने स्थानीय शौका भाषाको कुटी याङ्दी नदी महाकालीको मुहान भएको दाबी गर्छन् । तर भारतले भने लिम्पियाधुराको पूर्वतिरको कालापानीमा कृत्रिम पोखरी बनाएर त्यसलाई महाकालीको मुहान र त्यसैबाट बग्ने खोल्सीलाई दुई देशको सीमा रेखा भएको दाबी गर्दै आएको छ । नेपालले सन् १९७५ मा पहिलोपटक देशको नक्सा सार्वजनिक गर्दा कालापानीदेखि उत्तरपूर्वको लिपुलेकबाट निस्कने लिपु खोलालाई सीमारेखा बाँकी ८ पेजमा

## दैनिक दुई कामदारको शब

काठमाडौं । नेपालबाट वैदेशिक रोजगारीमा गएका कामदारको दैनिक २ वटा शव नेपाल भित्रिने गरेको छ । चालू आर्थिक वर्ष २०७६/७० को पहिलो चार महिनामा मात्रै २५० शव नेपाल ल्याइएका छन् । जसमध्ये ७ महिला र २४३ पुरुष रहेका छन् । वैदेशिक रोजगार बोर्डका अनुसार थप ५६ कामदारको शव भिकाउन प्रक्रिया अगाडि बढाइएको छ । बोर्डको तथ्यांकअनुसार असोज महिनामा १८४ कामदारको शव ल्याइएको छ । त्यसैगरी भदौमा १३५ र साउनमा ७४ कामदारको शव ल्याएको बोर्डको तथ्यांक छ ।

चालू आवको चार महिनमा रोजगारीका लागि ५१ हजार २७४ विदेशिएका छन् जसमध्ये ४ हजार १५८ महिला छन् भने ४७ हजार ११६ जना पुरुष छन् ।

## भारतमा विवादास्पद नागरिकता विधेयक

काठमाडौं । मुस्लिम बहुल विशेष दर्जा प्राप्त जम्मु कस्मिर राज्यलाई केन्द्र शासित राज्य बनाएर विवादमा तानिएको भारतीय जनता पार्टी नेतृत्वको सरकारले मस्लिमलाई निशाना बनाउँदै नयाँ नागरिकता विधेयक स्वीकृत गरेपछि त्यसको चौतर्फी विरोध भइरहेको छ । लोकसेवाको चालु हिउँदे अधिवेशनमा प्रस्तुत गर्ने गरी मोदी सरकारले विवादास्पद नागरिकता (संशोधन प्रस्ताव) ल्याएको हो ।

विधेयकमा पाकिस्तान, अफगानिस्तान र बंगलादेशका गैर मुस्लिम नागरिकलाई नागरिकता दिने प्रावधान समेटिएको छ । विधेयकमा उत्पीडन र अत्याचारको सामना गर्नु परेका गैरमुस्लिम नागरिकलाई नागरिकता उपलब्ध गराउने व्यवस्था रहेको रक्षामन्त्री राजनाथ सिंहले लोकसभालाई जानकारी गराएका छन् ।

विधेयकमा वैधानिक कागजातबिना भारत बसोबास गरेका वा भ्रमणसम्बन्धी कागजातको वैधानिकता समाप्त भएपछि पनि भारतमा बसिरहेका हिन्दु, क्रिश्चियन, सिख, जैन र पर्सिसलाई भारतीय नागरिकता दिने प्रावधान छ । भारतीय राष्ट्रिय कांग्रेस समेतका विपक्षी दलले विधेयकको विरोध गरेका छन् । विधेयकले मुस्लिमलाई निशाना बनाएको उनीहरुले आरोप लगाएका छन् । धर्मका आधारमा नागरिकता प्रदान गर्न भारतीय बाँकी ८ पेजमा

## सीमा हस्तक्षेपविरुद्ध बेलायतमा नेपालीको प्रदर्शन

काठमाडौं । छिमेकी भारतले नेपालको लिपुलेक, लिम्पियाधुरा, कालापानीलगायत भूभाग आफ्नो नक्सामा राखेको विरोधमा बेलायतका नेपालीले प्रदर्शन गरेका छन् । गैरआवासीय नेपाली संघ बेलायतले लन्डनस्थित भारतीय हाई कमिसनअगाडि आयोजना गरेको प्रदर्शनमा असंख्य नेपाली सहभागी भए ।

स्थानीय समयअनुसार १२.३० देखि १.०० बजेसम्म मार्च पास र बिनाहोहल्ला स्टेटिक (निश्चित स्थानमा बसेर) विरोध गरिएको हो ।

गैरआवासीय नेपाली संघ केन्द्रीय परिषद्ले भारतीय कदमको जोडदार विरोध गर्ने तथा नजिकको भारतीय दूतावास वा हाई कमिसनमा प्रदर्शन गर्न सूचित गरेपछि बेलायत शाखाले प्रदर्शन गरेको हो । तर बेलायतका विभिन्न सहरबाट एकत्रित भएका नेपालीले प्रदर्शनपछि बुफाइएको विरोधपत्र भने हाई कमिसनले अस्वीकार गरिदिएको छ । विरोधपत्रमा ऐतिहासिक दस्तावेजले उल्लेखित भूभाग नेपालकै भएको प्रस्ट्याउँदा पनि भारतले एकतर्फी नक्सा जारी गर्दा विदेशभर रहेका नेपाली दुःखी भएको उल्लेख छ । भारत नेपाल सीमा विवाद शताब्दियौं बाँकी ८ पेजमा

## जलवायु परिवर्तनको खतरा

काठमाडौं । वैज्ञानिकहरुले सन् १९७० यताकै सबैभन्दा गर्मी दशकको संघारमा विश्व आइपुगेको भन्दै जलवायु परिवर्तनलाई गम्भीर रुपमा लिन चेतावनी दिइसकेका छन् । बेलायतको मौसम विभागले गरेको प्रक्षेपण अनुसार आगामी पाँच वर्षसम्म प्रत्येक वर्ष औद्योगिक युगभन्दा एक डिग्री सेल्सियस वा सो भन्दा बढी तापक्रम बृद्धि हुनेछ ।


आगामी पाँच वर्षमा कुनै एक वर्ष औसतमा १.५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम भएको वर्ष पनि हुन सक्नेछ । जलवायु परिवर्तनको मुद्दामा १.५ डिग्री सेल्सियसलाई महत्वपूर्ण संघारका रुपमा लिइन्छ । यदि तथ्यांकसँग प्रक्षेपण मिलेमा सन् २०१४ देखि सन् २०२३ सम्मको दशक १५० वर्ष यताको सबैभन्दा गर्मी दशक हुनेछ ।

बेलायतको मौसम विभागका अनुसार औद्योगिक युगको बाँकी ८ पेजमा

**समय सन्दर्भ**

## सैनिकको कर्तव्य

■ शिवप्रसाद दाहाल



केही प्रतिशत राष्ट्रियता र सार्वभौमिक चिन्तन देखिने गरी ०७५।६।२५ मा विजयादशमी, दिपावली एवं छठसमेतको शुभकामना कार्यक्रम सैनिक मुख्यालयमा हुँदा प्रधानसेनापति पूर्णचन्द्र थापाले आफ्नै सेनाभित्र भ्रष्टाचार छ भनी देशको सीमाबारेमा हल्का चर्चा गरेको पत्रिकाहरुबाट थाहा पाउँदा ०७१।९।१ गतेपछि बदनाममा चुर्लुम्म डुबेको संस्थामा कृष्ण पो जन्मे कि के हो भनी छक्क परें । फेरि पद बहाल गरेको १ वर्ष पुगेको उपलक्ष्यमा ०७६।५।२४ बिहिबारका तीन पृष्ठे लिखित ३ घण्टे आफ्नो सम्पत्ती विवरण सार्वजनिकरण समेतको प्रतिवेदन पढेर सुनाएको खबर विविध श्रोतबाट सुन्दा खुसी भएँ । परन्तु थोरै भफल्को आयो- वीर बलभद्र कुँवर, वृद्ध भक्ति थापा, अमरसिंह थापा, भिमसेन थापाले पानी पनि नपिइ आत्मसमर्पण नगरी देश र जनधनको रक्षा गर्न किल्लाभित्रै आफ्नो बलिदान दिने बालवृद्ध वनिता आदि इत्यादि प्रातःस्मरणीय श्रद्धेय अमर राष्ट्रिय राष्ट्रभक्त सेनानीहरुको ।

"नेपालमा सेना (अन्धालाई ऐना) भनेजस्तो अवस्थामा छ । राष्ट्रको ढुकुटी रित्याएर भण्डै एक लाख सेनालाई गरिब नेपालीले गिट्टा भ्याकुर कन्दमूल खाइ पाल्नै आएका छन् लोकप्रिय राजाको संसाँफै कुलै संहार भएको छ । उनका नातेदार ५५ नै जना मारिएका छन् । यत्रो राजवंशको संहार हुँदा सेना, प्रहरी, दरबारिया कर्मचारी, नोकरचाकर चाहिँ एउटा पनि नमारिनु र पाल्तु पशुपंक्षी मारिदा पोस्टमार्टम गरिएको समाचार सुन्दै आएकोमा नेपालमा राजाहरुको कसैको पनि पोस्टमार्टम नगरिनु प्रधानमन्त्रीले राजीनामा नदिनु घोर षड्यान्त्रिक दुःखद घटना हो ।

उता पहिले राणा र त्यसपछि देशभन्दा पनि राजाको मात्र रक्षा गर्ने एकमात्र कर्तव्य हो भन्दै ०१७ साल पौष १ गतेदेखि आएको सेनाको नाइके प्रज्ज्वल शमशेरले त वि.सं. २०५८।३।२ गते शनिवारको कान्तिपुर दैनिकको मुख्य पृष्ठको फोटोसमेत जो केश मुण्डन नगरिएको, रातो टीका लगाएको प्रसन्न मुखमुद्रामा मुसुमुसु हाँसेका अवस्थामा राजकुलको संहारको उच्च जाँचबुझ आयोगलाई दिएको बयानमा त राजाको रक्षा गर्ने काम सेनाको होइन पो भनेका छन् । राजकुलको रक्षा नगर्ने देशको त झन् आततायी बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी : गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

# अब जेलको काम छैन : चुनावले दिएको सन्देश यही हो

**सुरेन्द्र ढकाल**



प्रजातन्त्र भनेको विधिको शासन । शासकहरुले विधि मिच्दा राष्ट्रघात, भ्रष्टाचार, बलात्कार लगायतका अपराध र पर्यावरणको विनाश हुन्छ । यस्तो विधि मिच्नेहरुलाई कानुनको कठघरमा उभ्याई दण्ड दिई पठाउने ठाउँ भनेको जेल हो । नेपालमा पनि जेल नभएको होइन । यहाँको जेल जाने भनेका सानो भ्रष्टाचार, सानो अपराध साना राष्ट्रघात गर्ने मात्रै हुन् । ठूलालाई अपराध गर्न पनि छुट र अपराध गरे कारबाही पनि नहुने झन् त्यसमाथि त्यस्तै अपराधीहरुलाई जनताले चुनावमार्फत विजयी गराई चोख्याउने भएपछि विचरा सानालाई मात्र जेलमा किन कोच्नु ? देशलाई नै जेल मुक्त बनाइदिए भएन ?

विगतमा पनि धमिजा, चेज एअर, लाउडा जस्ता ठूला भ्रष्टाचारका काण्ड घटेकै थिए । भ्रष्टाचारीले दण्डको बदला पुरस्कार पाए । अहिले पनि वाइडवडी, सुन तस्कर अनि विभिन्न घोटाला गर्नेहरुलाई हालै सम्पन्न भएको उपचुनावमार्फत जनताले विजयको माला पहिराई दिएका छन् । हिजो पनि नमिता सुमिता अनि मीराहरु बलात्कृत हुँदै मारिन्थे, नदीको बगरमा र जंगलमा फालिन्थे अहिले पनि धेरै निर्मलाहरु दिनदहाडै बलात्कृत हुँदै फालिंदैछन, बलात्कारीहरुलाई नेपाली जनताले चुनाव जिताउँदैछन् । चुनाव जित्नु भनेको त झन् भ्रष्टाचार, राष्ट्रघात र बलात्कार गर्ने लाइसेन्स नै प्राप्त गर्नुभएको छ ।

२०४६ पछि आएका नेताहरुको काठमाडौंमा भएको घरघडेरी, उनीहरुले प्रयोग गरेको मोटरकार, सरसुविधा कुन स्रोतबाट जुट्यो भनेर कसैले सोध्यो भने सोध्नेले पिटाइ खाने व्यवस्थालाई प्रजातन्त्र मान्ने भएपछि किन चाहियो जेल ? नेपालका प्रजातन्त्रपछिका चुनावमा त्यस्ता उम्मेदवारको जमानत जफत भयो जसले राष्ट्रवाद, सुशासन, पारदर्शिता, सक्षमता र शान्तिसुरक्षाको पक्षमा बोले । डंगडंगी राँगो, बंगुर खसी बोका कुखुरा ढाली मासुभातको बफे चलाए, कार्यकर्ताको खल्ती नोटका बिटाले भरिदिए उसै र उसैको दलले चुनाव जिते । मसल अनि मिडिया पनि उनैको पछि लागे अनि जनताले मात्रै किन मौकाका चौका नहान्ने ? उनीहरु पनि त्यसकै पछि लाग्दा अहिले प्रजातन्त्र मजबुत भएको छ ।

श्रीमान् मरेर श्रीमतीहरुले मौका पाउने संस्कार यस प्रजातन्त्रमा स्थापित भएपछि अबका दिनमा लोग्नेमान्छे नेताहरुको कालमा उनकै श्रीमतीहरुको हात हुने भयो । जनताको अगाडि गएर रोइदियो अनि मतको त वर्षा, के चाहियो ? राजनीतिमा स्थापित हुने सजिलो तरिका । न काम न धाम केही गर्नै परेन । कुनै दिन नेपालको संसद अनि सरकारमा विधवा र उनीहरुका केटा साथीहरुको बहुमत भयो भने अचम्म नमान्दा हुन्छ । मुखिया, खरदार र पियनमात्र कारवाहीमा पर्ने तर अख्तियार प्रमुखको अकुत सम्पत्तिको स्रोत देखाउनु नपर्ने भएपछि राजनीतिज्ञ सँगसँगै नोकरशाहहरुलाई पनि भ्रष्टाचार गर्न छुट हुने भएपछि लोक सेवा आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोग के काम ? यिनीहरुलाई बन्द गरिदिँदा पनि हुन्छ । विदेशीले उसका नक्सामा आफ्नो भूमि पार्दासमेत केही गर्न नसक्ने असक्षम सरकारले किन रासन खुवाएर सेना पाल्नु ? सेना नै विघटन गर्दा भएन भन्या ? नरहे बाँस नबजे बाँसुरी, खेल नै खत्तम ।

अरु देशमा चुनाव आउँदा राष्ट्रघाती, भ्रष्टाचारी, असक्षमहरु बढारिन्छन् तर नेपालको प्रजातन्त्रमा भने जति चुनाव भयो उति नै उनीहरु झनै संगठित हुन्छन्, झाँगिन्छन् भने अब जेल बन्द गर्नेतर्फ लागौं । अब जेलको काम छैन । चुनावले दिएको सन्देश यही हो ।

## सम्पादकीय

# विकासले गति लिन नसकेको अवस्था

प्रमुख राजनीतिक दलहरूबीच बढेको खिचातानी र नेताहरूबीच चलेको जुँगाको लडाइँले गर्दा संघीयतालाई स्थायित्व दिने काम ओझेलमा परिरहेको छ । नेपाली जनता मुलुकमा शान्ति, स्थायित्व र विकास चाहन्छन् तर दलहरू अस्थिरताका प्रमुख मतियार बन्दै आएका छन् । नेपाली जनताले पटक पटक लोकतन्त्रको झन्डा उठाउने काममा दिल खोलेर सहयोग गर्दै आएका छन् । २००७ सालको नेपाली कांग्रेसको नेतृत्वमा भएको राणाविरोधी आन्दोलनदेखि प्रचण्डको नेतृत्वमा भएको जनयुद्धसम्मलाई जनताले साथ नदिएका होइनन् ।


०६२।६३ को जनआन्दोलनमा उर्लिएको जनसागरले राजनीतिक दल र तिनका नेताहरूप्रति ठूलै विश्वास र सम्मान प्रकट गरेको थियो । परिवर्तनको लागि प्रणको आहुति दिन तयार रहेका र प्राण अर्पण गरेका सहिदहरूप्रति राजनीतिक दल र नेताहरूले यति चाँडै धोका देलान् भन्ने कल्पनासम्म गरिएको थिएन । पटक पटक धोका पाइसकेका जनतालाई सम्झाएर आन्दोलनमा उतार्न नेताहरूले धेरै ठूलो कसरत र वाचा बन्धन गर्नुपरेको थियो । तर उनीहरूले ती वाचा चाँडै भुलिदिए । जनता दिनानुदिन पीडित बन्दै गइरहेका छन् । नेताहरू स्वार्थ र सत्तालिप्सामा आआफ्नै डम्फु बजाएर बुकुर्सी मारिरहेका छन् ।

जनताको अवस्था र उनीहरूको पीडा भनिसाध्य छैन । जनताका दुःख, पीडा र वेदनाका कथा, व्यथा दिनहुँजसो पत्रपत्रिका र विद्युतीय मिडियाहरूमा सार्वजनिक भइरहेका छन् । बालिका बलात्कार, चेलीबेटी बेचबिखन जस्ता घटनाले सरकारको शिर झुकाएको छ भने गृह प्रशासनको अपराधीहरूले खिल्ली उडाएका छन् । मुलुकमा भ्रष्टाचार मौलाएको छ, ट्रान्सफरेन्सी इन्टरनेसनलको रिपोर्टले नेपाललाई विश्वकै भ्रष्ट राष्ट्रको सूचीमा अंकित गराएको छ । प्राकृतिक स्रोत साधनले धनी भए पनि विश्वकै कंगाल र भ्रष्ट राष्ट्रको रूपमा नेपाललाई बदनाम गराउने कामको जिम्मेवार यिनै ठूला दलका टाउके नेताहरू जिम्मेवार रहेका छन् ।

नेताहरूले बिताएको विलासितापूर्ण जीवन, उपचारको नाममा गरेको करोडौं राष्ट्रिय ढिकुटीको विनाश जस्ता कुराले बिरामी पर्दा सामान्य जीवन जल र सिटामोल नपाउने जनतालाई थप पीडा दिइरहेको छ । आर्थिक रूपले कंगाल बनेको देशमा रोजगारीको अवसर नपाएर बाहिरिएका ४० लाखभन्दा बढी नेपाली युवाले विदेशमा बगाएको रगत र पसिनाको मूल्यको कहीँ कतै हिसाब राखिएको छैन । राष्ट्र निर्माण गर्ने युवा शक्तिले खाडी राष्ट्र, मलेसिया, कोरिया लगायतको समृद्धिमा र निर्माणमा योगदान पुऱ्याइरहेका छन् । उनीहरूले कठिन परिश्रमबाट आर्जित गरी पठाएको रेमिट्यान्स मात्रको सही सदुपयोग गर्ने नीति राज्यले लिन सकेको भए मुलुकमा थुप्रै विद्युत आयोजना र कलकारखानाको स्थापना हुने थिए । तर यहाँका लाचार, भ्रष्ट र दलाल नेताहरू विद्युत निर्यातको भाषण गरेर भारतबाट अर्बौंको बिजुली खरिद गरी विद्युत प्राधिकरणलाई घुँडा टेकाइरहेका छन् ।

राजनीतिक स्थिरता भए पनि विकास पूर्ण रूपमा प्रभावित छ । भ्रष्टाचारका जरा माथिदेखि तलसम्म फैलिएका छन् । मुलुकलाई अझ पनि द्वन्द्वमा राखेर अस्थिरताको धमिलो पानीमा माछा मार्ने प्रयास गरिएमा त्यसको मूल्य मुलुक र जनताले चुकाउन सक्दैन । यदि नेताहरूले जनतालाई सुख शान्ति दिन र देश विकासमा कुनै भूमिका खेल्न नसक्ने हो भने राष्ट्रिय ढिकुटीको विनाश गर्दै भत्ता खाएर बस्नुको कुनै औचित्य छैन ।

# केही इतिहास केही वर्तमान



**जगदीश लामिछाने**
रौतहट, पौराई

नेपालको इतिहासमा राजा रणबहादुर शाहको मनमौजी स्वभावले साँच्चै नै रक्तरञ्जित गरायो । हुन त विखण्डन प्रियहरु श्री ५ पृथ्वीलाई दोष दिन बेर लगाउँदैनन् । उनैलाई कीर्तिपुरका नेवारहरुले एक पटक बोकेरै लगेका र बुढा पुरानाहरुले यी राजा हुन् नचलाऊ भनेपछि छोडिदिएको प्रसंगसमेत पढ्दा नेवार पर्वते बाइसी चौबिसी एकता मेलमिलापको समेत सिद्धान्तबाट भएको देखिन्छ । किनभने त्यसपछि राजदरबारमा कुनै न कुनै नेवार काजी पनि राख्ने परम्परा पछिसम्म कायम थियो ।

आफ्ना बाबु प्रतापसिंह शाह ३६ वर्षमै वि.सं. १८३४ मार्ग ६ गते निधन हुँदा गद्दीमा अधिकारी रणबहादुर अढाई वर्षका मात्र थिए । श्री ५ पृथ्वीकै कान्छा छोरा बहादुर शाह र विधवा भाउजु राजेन्द्रलक्ष्मीले पुनः देश एकीकरण सुरु गरे पनि राजाको उमेर जत्ति बढ्दै गयो, राजा स्वेच्छाचारी झन् झन् हुँदै गए र आफैं पनि शेरबहादुरका हानबाट मारिए । राजा रणबहादुरले विधवा ब्राह्मणी कान्तवती विवाह गरी उनकै छोरालाई राजा गराए । सम्भवतः यिनैका हुकुमले ३८ वर्षमै वि.सं. १८५४ असार १४ गते राजकुमार बहादुर शाहको जेलमै हत्या भयो ।

यस्तो परम्परामा मलजल मुख्तियार भीमसेन थापाले चालु राखेको इतिहास नै साक्षी छ । भीमसेन थापाकै बेहोसीले नेपाल अंग्रेज युद्ध भएको हो र यस युद्धपछि झन् अर्को युरोपको खेलाडी अंग्रेज नेपालको राजनीतिमा घुसेर भित्रभित्रै डुहुरे मुसाको काम गरेको देखिन्छ । तैपनि १८१४-१६ लडाइँबाट बाँकी मेची महाकाली अर्का हत्याकाण्डकै कर्ता भए पनि यो देश जंगबहादुरले पनि जोगाएकै हुन् । यिनले बेलायत यात्रा गरी आफ्नो देश नयाँ मुलुक फिर्ता पनि लिए । यी सबै कुरा अब यस्तो कहिल्यै नहोस् भन्ने किताबमा इतिहास शिरोमणि बाबुराम आचार्यले उल्लेख गरेकै छन् । परन्तु २०५८ जेठ २८ गते फेरि भएको दरबार हत्याकाण्ड किन भयो ? त्यसमा कसको स्वार्थ पूरा भयो ? अझै खुलेको छैन । हुन त आफ्नै परिवारको हत्या हुन्छ भन्ने कुरा चालसम्म नपाउनु राजा वीरेन्द्रकै पनि कमजोरी हो ।

१९४७ इ.सं. मा भारत स्वतन्त्र हुँदा त्यहाँ ठूलो दंगा नै भयो । महमद अलि जिन्हाले छुट्टै आफ्नै पाकिस्तान देश त बनाए त्यहाँ अझै राम्रो शान्ति छैन । खानै नहुने कास्मिर भारत पाकिस्तानले बाँडी आफ्नो अन्तर्गतमा राख्न खोज्नाले हो कि ? अहिले त भारतले पूर्णरुपमा आफ्नै नक्सामा राख्दा राख्नै नहुने हाम्रै छुट्टै देश नेपालको दार्चुलाको कालापानी लिम्पियाधुरा आफ्नो नक्सामा राखेछ लुकी लुकी अंग्रेजले पनि चेप्यो जमिन । यस्तो गरी नच्यापेका पुराना नै नक्सा छन् यी समेत हेर्नैपर्ने भएको छ । त्यही क्षेत्रको नाभी, गुन्जी, गर्व्याङ आदिको राणाकालकै मालपोत तिरेका रसिदै छन् भनिन्छ जनगणना पनि छन् । यस्तोमा विद्वानहरुको रुवाबासी चल्नै पर्दैन । बरु श्रीकृष्ण अनिरुद्र गौतमले भनेझैं सन् १९५० को नेपालसँगको सन्धिको दफा ८ हेरेर सम्पूर्ण नेपालीहरुको एउटै स्वरले अघि सर्ने बेला आएको छ । यस्तो नगरे झन् झन् हेप्दै जाने नै देखियो । किनभने भारतसँग यो सन्धि त छँदैछ बेलायतसँग पनि हाम्रो क्षेत्र कानुनी रुपमा थिएन भने नेपालसँग सम्झौता गरिने नै थिएन ।

सन्धि गरेको ठीक ४ महिनापछि बेलायतसँग १९५० मे कात्तिक १४ गते मिति नै उल्लेख गरेको अर्को सन्धि पनि मोहनशमशेरले आफ्ना छोरा विजयशमशेरको सहयोगले गरेकै छन् । त्यो सन्धिमा सही गरेको ७ तै दिनमा श्री ५ त्रिभुवनलाई भारतीय राजदुताबासमा किन बोलाइयो ? खोज्नैपर्ने दिन आएका छन् । २००७ को क्रान्तिको निन्दो चर्चो पनि गर्नैपर्ने भएको छ ।

श्री ५ त्रिभुवनले बुद्धि पुऱ्याएर तत्काल युवराज महेन्द्र र नवयुवराज वीरेन्द्रसमेत लिइ गएकाले उनै महेन्द्रले अनेक उपाय गरी फागुनमा आफ्ना बुबा श्री ५ त्रिभुवनलाई काठमाडौं फिर्ता ल्याएर वि.सं. २००७ फागुन ७ गते प्रजातन्त्र घोषणा गराए । त्यति त ठीक भन्नुपर्ला ।

त्यसैगरी बेला कुबेला निम्ता गर्ने दक्षिणी छिमेकीले नेपालमा भारतीय सेना नै हुल्यो, तिनलाई आफ्नै प्रधानमन्त्री कीर्तिनिधिमार्फत आफू मर्ने १ वर्षअघि भारतमै फिर्ता गराए । राजा महेन्द्रका बुद्धि पुऱ्याएर गरिएका धेरै चर्चा पहिल्यै पनि गरिएकै छ, अहिले नदोहोऱ्याउँ ।

**अब विदेशमा बस्ने नेपाली बारेमा पनि केही**

हामी नेपाली हौं भन्नेहरु भारतभर फिँजिएर बसेका छन् । हाम्रै नेपाल नदिइन्जेल रणनीतिक रुपमा सांगठनिक भएर यसरी बस्नु त ठिकै छ तर ११०।११५ वर्ष अघिदेखि भारतमा अंग्रेजकै पालामा मागिएको र अहिले पनि मागिरहेको 'गोर्खाल्यान्ड' टिस्टा सतलज हो भन्नुपर्ने थियो ।

नेपाल अंग्रेज युद्धदेखि अहिलेसम्म प्रत्येक वर्ष मनाइएको नालापानी उत्सवमा दार्जिलिङ समेत समावेश भएको भए सुनमा सुगन्ध नै हुने थियो । त्यसो गरिएको भए भारतमा अंग्रेजकै पालामा 'गोर्खाल्यान्ड' दिन कर नै लाग्थ्यो । यो कुराको प्रत्यक्ष प्रमाण देहरादुन (नालापानी) कै पहिलो निवेदनले भारतीय नोटमा १९९३ मा नेपाली भाषा छाप्दा सम्पूर्ण भारतभरका नेपालीले सहयोग गरेकै देखियो । यसैले

(१) 'गोर्खा' शब्द र 'नेपाली' शब्दको अर्थ एउटै भएको धेरै भयो । यो कुरा धेरैजसोले याद गरेको देखिएन ।

(२) 'नालापानी' देहरादुन गोर्खाली नेपालीले बिर्सनै हुँदैन । त्यहाँ एकता नगर्नाले अंग्रेजकै पालामा गोर्खाल्यान्ड पाएनन् ।

(३) नालापानी, देहरादुन, दार्जिलिङ एकै गराएर १९९३ मा भारतमा नेपाली भाषा पाए ।

# दर्शन, विश्वदर्शन–७

■ **सुदर्शन प्रधान**

मानव समाजका सम्पूर्ण सैनिक भौतिक, आर्थिक, बौद्धिक र प्राविधिक कुराहरुका एकमात्र स्रोत भनेको प्रकृति हो । प्रकृति विना मान्छेहरु २ मिनेट पनि बाँच्न सक्दैनन् । मान्छेहरुलाई आवश्यक पर्ने खाना, कपडा, आवास, औषधि, शिक्षा, इन्धन सबै कुराहरु प्रकृतिबाटै मिल्छ । अझ यी भन्दा महत्वपूर्ण कुराहरु हावा (अक्सिजन), पानी, सूर्यको प्रकाश, जमिन हो । जुन प्रकृतिको सन्तुलनले माथिका अत्यावश्यक वस्तुहरुको उत्पादन र पुनर्उत्पादन हुन्छ । जंगली युगमा मानिसहरु सुरुङ, ओढारमा बस्थे । कन्दमूल, फलफूल खान्थे, जंगली जीवजन्तुको सिकार गर्थे, जनावरका छालाहरु बेर्थे, यसरी मानव जीवन पूर्ण प्रकृतिमा आधारित थिए । तर आजको जनजीवन फेरिएको छ । शहर बजारका पक्की घरहरुमा बस्ने, बिजुली बाल्ने, पाइप, टैंकी, धारा प्रयोग गरी कोठा कोठामा पानीको सुविधा, फर्निचर, कपडा, पुस्तक, पत्रिका, औषधी, फोन, टिभी, घडी, क्यामरा जे जति उपभोग्य वस्तुहरु छन्, ती पनि सबै प्रकृतिमै आधारित छन् । यसैले प्रकृति भनेको विगत इतिहासमा, वर्तमानमा र भविष्यमा सधैँ सधैँ महान् र सर्वोपरि रहिरहने छ ।

यस्तो महत्वपूर्ण प्रकृति वर्तमान विश्वका मानव समाजले तीव्रगतिले दोहन गरिरहेछ र तिनको अस्तित्वमा प्रश्नचिन्ह लागिरहेछ, भावी सन्ततिको अस्तित्व पनि । कसरी त भने प्रायः हरेक मान्छेहरु आफ्नो राष्ट्र, जाति, भाषा, संस्कृति, धर्म, सम्प्रदायलाई महान् मान्ने तर अरुका तिनै कुराहरुलाई सामान्य वा तुच्छ ठान्ने गर्छन् । जुन कारणले विश्वमा मानव जातिले भौतिक र दार्शनिक क्षेत्रमा धेरै विकास गरे पनि अझैसम्म युद्ध र लडाइँहरु गरिरहेछन् । धार्मिक युद्ध, जातीय युद्ध, क्षेत्रीय युद्धहरु, वर्गीय युद्धहरु त्यसका प्रमाणहरु हुन् । यी सबैको तर्कहरु सुन्ने हो भने कोही पनि गलतमा हुँदैनन् । तर यथार्थमा प्रकृतिको लागि ती सबै घातक छन् । किनकि युद्धमा शस्त्रास्त्रहरु प्रयोग हुनछन्, ती भनेका धातु, इन्धन र रसायनहरुबाट बनेका हुन्छन् । जुन धर्तीको गर्भ उजाडेर निकालिन्छन् । अनि बन्दुकको गोली, बमहरुले आफूजस्तै मान्छेहरु मार्छन् । जुन घटनाले पुस्तौं पुस्तासम्म मान्छेहरु आपसमा दुश्मनी हुन्छन् ।

विश्वमा आज झण्डै ७ अरब ५० करोड जनसंख्या छ । यसको आर्थिक संरचना व्यक्तिगत पुँजी र पारिवारिक स्वरुप एकनिष्ठको कारणले सबै मान्छेहरु धनसम्पत्ति थुपार्न मरिहत्ते गर्छन् जिन्दगीभरि । घर, भवन, गरगहना, कपडा, गाडी, टिभी, क्यामरा, जगगाजमिन, चौपाया, पन्छी, उद्योगहरु नै धनसम्पत्ति हुन् । जुन सबै कुराहरुका एक मात्र प्रकृति हो । प्राकृतिक स्रोतहरुको पनि एक निश्चित सीमा हुन्छ । वैज्ञानिकहरुले भनेका छन्, 'फलाम, तामा, पेट्रोलियमजस्ता महत्वपूर्ण कुराहरु धर्तीको गर्भबाट आगामी ६०-७५ मा रित्तिने छ । वर्तमान पुस्ताले वस्तुहरु यति प्रयोग गरिरहेछन् कि भावी सन्ततिको नजरमा यो पुस्ता भयानक ठहरिने छ ।

हरितगृह प्रभाव (विश्वव्यापी तापक्रमको वृद्धि), ओजन पत्रमा भ्वाङ, अम्लीय वर्षात् जस्ता कुराहरु धर्तीमातालाई लागेका भयानक रोगहरु हुन् जस्तो कि मान्छेलाई लाग्ने अल्सर, वाथ, क्यान्सर जस्ता रोगहरु हुनु ।


अब यो कार्यपत्रको सारांशमा जाँदा मानव समाजको अर्थ व्यवस्था, सामाजिक, सांस्कृतिक, राजनैतिक, सैन्य व्यवस्थाहरु सबैलाई मार्गदर्शन गर्ने भनेको दर्शन नै हो । इतिहासमा जे जति दर्शनहरु प्रतिपादन भए ती सबै तत्कालीन समाज र समयमा मानव समुदायलाई शान्ति र सुव्यवस्था प्रदान गर्ने भनौं पथप्रदर्शन गर्ने मनसुवा होला ! यद्यपि कालान्तरमा तिनका अनुयायीहरुले अनेकौं कुराहरु जोडेर आफू अनुकूल तुल्याए । जे होस् आज विश्वव्यापी मानव समाज, धर्म, दर्शन, राष्ट्र, जाति, भाषा, वर्ग, रंगमा विभक्त भएकोले उनीहरुबीच भयानक संग्राम छ र यो अवस्था नफेरिने हो भने र पथ दर्शन नयाँ स्थापित र विश्वव्यापी मानव समाजमा त्यस्तो दर्शनले प्रभाव पार्न सकेन भने यो मानव समाज र सभ्यता ध्वस्त हुनेछ, विश्वयुद्धका कारणले । अनि प्रकृतिको असन्तुलनले पनि सूर्यबाट आउने पराबैजनी किरण, हरित गृह प्रभाव, अम्लीय वर्षातले पनि यो मानव जाति र जैविक विविधता विनाश हुनेछ युगयुग सम्म । (क्रमशः)

# मैले देखेको १२० औं विश्व सम्पदा

# इटली रेज्जो कालाब्रियाको पेन्ते दात्तिलो

सुरेन्द्र ढकाल


रोमबाट बिहानै रेज्जो कालाब्रियास्थित दाँते विश्वविद्यालय आइपुग्नासाथ सिधै इटालियन भाषा संस्कृतिको प्रशिक्षक प्रशिक्षणको कक्षामा सामेल भएँ । बिहान ७:३० बाट कक्षा शुरु हुन्थ्यो । १२ बजे तीन हजार लिरा (तत्कालिन इटालियन मुद्रा) पर्ने प्याकेट लन्च आउँथ्यो । त्यो खाइसकेपछि केही बेर आराम गरी १:३० बाट पुनः प्रशिक्षण सुरु भई ४ बजेसम्म चल्थ्यो । शनिबार र आइतबार विश्वविद्यालय बन्द हुने हुँदा यी दुई दिनमध्ये एक दिन कालाब्रिया प्रान्तकै ऐतिहासिक महत्वको स्थलमा हामीलाई घुमाउन लगिन्थ्यो । यस्तो घुमाइ कार्यक्रम विश्वविद्यालयकै आयोजनामा हुन्थ्यो । यसैअनुरुप डिसेम्बर महिनाको पहिलो शनिबार हामीलाई त्यही कालाब्रिया प्रान्तभित्र पर्ने प्राचीन पुरातात्विक स्थल पेन्ते दात्तिलो अवलोकन गर्न लगियो । रेज्जो कालाब्रियास्थित हाम्रो विश्वविद्यालयबाट ४५ मिनेटको बस चढाइमा नै हामी त्यस स्थलमा पुगेका थियौं । हामी त्यहाँ पुग्दा बिहानको पौने दश जति बजेको थियो ।


परबाट हेर्दा पेन्ते दात्तिलो (पाँच औंले पहाड) यस्तो देखिन्छ



बस्तीभित्रका गल्ली


**पेन्ते दात्तिलो**

प्राचीन ग्रिस भाषामा पेन्तीको अर्थ पाँच र दातिल्योको अर्थ औंला यानै पाँच औंला जस्तो देखिने मोन्ते काल्भारियो नामक सानो पहाडको काखमा यो पुरातात्विक स्थल अवस्थित रहेछ । सन् १८११ अघि इटलीको एकिकरण हुनुभन्दा पहिले यो एउटा बेग्लै विशाल ग्रिस साम्राज्य अन्तर्गतको एक कम्युन रहेछ । समुद्री सतहबाट २५० मिटर उचाइमा रहेको यो स्थलका वासिन्दाहरु सन् १९११ सम्म पुरानो ग्रिक बोल्ने गर्दा रहेछन् । यस स्थलको स्थापना प्राचीन ग्रिसको उपनिवेशको रुपमा ६४० इशापूर्वमा भएको रहेछ । विशाल ग्रिस र रोमन साम्राज्यबीचको व्यापार व्यवशायको उन्नतिसँगै यो स्थल समृद्धशाली हुन पुगेको रहेछ। पछि विजाइन्टाइन युगमा सारासेन्सलगायत अरु जातिहरुको प्रभुत्वअन्तर्गत गएपछि यस स्थलको आर्थिक समृद्धि क्रमशः स्खलन हुँदै गएको रहेछ । पछि १२ औं शताब्दिमा आएर इटालो नोरमान्सहरुले सैनिक बलद्वारा यस स्थललाई आफ्नो अधिनमा लिएका रहेछन । तत्पश्चात आवेनाभोलि परिवारको वेरोनअन्तगर्त पर्न पुगेको यो स्थललाई रेज्जो कालाब्रियाको फ्रान्कोपेर्ताले आफ्नो अधिनमा ल्याएका रहेछन् ।


पेन्ते दात्तिलोमा पर्यटकहरु


सन् १७६० देखि १८२३ सम्म आल्वेर्ती, क्लेमेन्ते र रामिरेजहरुले यहाँ शासन गरेका रहेछन् । सन १७८३ को महाभूकम्पको कारण नराम्ररी क्षति पुगेको कारण यहाँका पुरै जनसंख्याले यस स्थललाई परित्याग गरी नजिकैको मेरितो पोर्तोमा वसाइँ सरेको कारण यस स्थललाई भूतको शहर नामाकरण गरिएको रहेछ । यस स्थलको पुरातात्विक महत्वलाई बुझ्री अरु युरोपेली देशहरुबाट स्वयंसेवक आई यस स्थलको आंशिक जिर्णोद्धार गरेको कारण यस स्थलमा विस्तारै मान्छेहरु आई बस्न शुरु गरेका रहेछन् । यस स्थलमा रहेको सानो शहर जस्तो देखिने बस्ती ठ्याक्कै पेन्ते दात्तिलो (पाँच औंले) पहाडको काखमा अवस्थित रहेछ । चन्द्राकारको भौगोलिक अवस्थिति रहेको यो सानो शहर विशेष गरी पेन्टिङ, फोटोग्राफी र अन्य कलाकारहरुको स्वर्ग मानिदो रहेछ र इटलीको पुग्नैपर्ने आकर्षक स्थलभित्र पर्दो रहेछ ।


जिर्णोद्धार गरिएका केही घर र चर्चहरु


पेन्ते दात्तिलोमा सुरेन्द्र विदेशी पर्यटकहरुका साथ सन् १९९१ को डिसेम्बरमा

हामी त्यहाँ पुगेपछि भत्किएका घरहरुको भग्नावशेषहरुमाथि हिँड्दै त्यहाँको सेन्ट पिटर र पाओल चर्चको भग्नावशेषसम्म पुग्यौं । जोकोहीलाई त्यहाँसम्म पुग्न गाह्रै पर्ने रहेछ । चर्चको बाहिरी भाग बारोक शैलीमा बनेको भए तापनि प्रार्थनाकक्ष (नेभ) को रुप भने नव विजाइन्टाइन शैलीको बताइँदो रहेछ । प्रार्थना कक्षको मंच (अल्टर) को भित्र वारवालोन्गा नामक आन्तोनियो आल्वेर्तिले बनाएको कपडामा गरिएको पेन्टिङ (क्यानभास) झुन्ड्याइएको रहेछ । यी कुराहरु पुरातात्विक दृष्टिकोणबाट हेर्दा ज्यादै व्यवस्थित रुपबाट संरक्षण गरिएको हामीलाई लाग्यो ।



त्यहाँ रहेको सेन्ट पिटर चर्चको भित्री भाग, अल्टर र त्यहाँ झुन्डिएको पेन्टिङ


पेन्ते दात्तिलो पहाडको काखमा रहेको भग्नावशेषयुक्त बस्ती

सांस्कृतिक सम्पदाको बहुमूल्य स्थल मानिएको त्यहाँ थोरै बस्ती अनि फाट्टफुट्ट सोभेनिर पसलहरु, स्थानीय अंगुरबाट बनेका वाइनहरु पनि बिक्रिमा राखिएका रहेछन् । जैतुन (ओलिभ), किम्वु र कागजी बदामका रुखहरुले सिंगारिएको, सान्ता एलिया नदीको पानीबाट चलेका घट्टहरु पनि देख्न पाइने चुनढुंगाको चट्टानले सिँगारिएको यस स्थलमा हरेक ग्रिष्ममा ग्रीस संस्कृतिमा आधारित चाडपर्व मनाइँदो रहेछ भन्ने हामीले थाहा पायौं । हरेक वर्षको अगष्ट र सेप्टेम्बर महिनामा त्यहाँ रहेको पालेयारिच्जा नामक खुला नाचघर (एम्पिथिएटर) मा अन्तर्राष्ट्रिय फिल्म फेष्टिवल पनि हुन्छ रे भन्ने कुरा हामीलाई जानकारी गराइयो ।

यस स्थलको सुन्दरतालाई आफ्नो पेन्टिङमा कैद गर्न भनेर डच, जर्मन, अंग्रेजलगायत विभिन्न युरोपेली देशका कलाकारहरु यहाँ आउने रहेछन् । परको इओनियो सागरबाट मन्द चिसो बतास आइरहने हुँदा ताजापन महसुस भइरहने अनि डिसेम्वर महिनाको भए पनि रापिलो घामको आनन्द लिन पाउँदा घण्टौं बितेको पत्तै हुँदो रहेनछ । अवलोकन गर्ने कार्य सकिँदा दिउँसोको एक बजेको थियो । तत्पश्चात् त्यहीको एक रेष्टुरामा दिउँसोको खाना खाई आरामपूर्वक विश्वविद्यालय फर्कंदा दिउँसोको ३ बजेको थियो ।

# २५. हामीहरूको काठमाडौं प्रवेश




■ शम्भुराम श्रेष्ठ

चैत्रको अन्त्यतिर दरभंगा प्लेनम सकियो । सहभागी कामरेडहरु आआफ्नो जिम्मेवारी वहन गर्न आआफ्नो घरजिल्लातर्फ लागे ।

केन्द्रीय कमिटीले काठमाडौं नै पार्टी हेडक्वाटर रहने निर्णय गरेको र साथै सचिव परिषद्मा निर्वाचित भएको हुँदा मैले पनि त्यस हैसियतले काठमाडौंमै रहनुपर्ने भयो । उसैगरी म सचिव परिषद्मा निर्वाचित भएबाट रिक्त हुन गएको उत्तर गण्डक प्रान्तीय कमिटीका सचिव पदमा का.पुष्पलाल नियुक्त गरिएको हुँदा उनले पर्नि काठमाडौंमा रहनुपर्ने भयो । यस उसले का.पुष्पलाल र मैले सँगसँगै काठमाडौं जाने निधो गर्‍यौं र त्यसको निम्ति आवश्यक तयारी गर्न थाल्यौं । मकवानपुर काठमाडौं आउने जाने बाटोमा पर्ने जिल्ला भएकाले पार्टीको मकवानपुर जिल्ला कमिटीलाई हामीहरुलाइ बाटो देखाउने एक वा दुई जना राम्रो र भरपर्दो गाइडको व्यवस्था मिलाइदिन त्यस जिल्ला कमिटीलाई पत्र लेखिपठायौं ।

पुस १ गतेको काण्डको लगत्तैपछि नेपाली कांग्रेसका नेता जनरल सुवर्णशमशेरसँग कलकत्तामा मेरो भेटवार्ताको दौरान राजा महेन्द्रको प्रतिक्रियावादी सैनिक 'कु' विरुद्ध हाम्रा दुइटा पार्टीहरुले अर्थात् नेपाल कम्युनिस्ट पार्टी र नेपाली कांग्रेस मिलेर संयुक्त रुपले संघर्ष गर्नुपर्ने कुरामा हाम्रो बीचमा सहमति भएको थियो । त्यसपछि हामीहरुको भेटघाट भएको थिएन । त्यसकारण, हामीहरु स्वदेश फर्कन अघि सुवर्णजीसँग भेटी पहिलेको आपसी सहमतिलाई पुन: एकपटक नवीकरण गर्नु आवश्यक थियो ।

एक महिना लामो केन्द्रीय कमिटीको बैठक र दुई हप्ता लामो प्लेनम अर्थात् डेढ महिनासम्म १५० जनाभन्दा बढता कामरेडहरुलाई तीन छाक खुवाउने र बस्ने व्यवस्था गर्नुपरेकाले हामीसँग भएको सबै पैसा खर्च भइसक्यो । त्यसकारण, अलिकति पैसा जम्मा गर्नुपरेको थियो ।

प्लेनम भर्खरै मात्र सकिएको हुनाले, मैले पार्टीका जरुरी कामहरु सिध्याउनमा लाग्नुपरेको र साथै मकवानपुर जिल्ला कमिटीको गाइडसम्बन्धी उत्तरको प्रतिक्षामा समेत रहनु परेको हुनाले, मैले कलकत्ता जान नभ्याउने भयो । त्यसैले का.पुष्पलाल कलकता जाने निर्णय गरियो । गएको पुस महिनामा म कलकत्ता जाँदा कलकत्तामा व्यापार फार्महरु स्थापना गरिबसेका मणिहर्ष ज्योति र अरु नेपाली साहू महाजनहरुले मलाई शाही सैनिक 'कु' विरुद्ध गरिने संघर्षको निम्ति सक्दो आर्थिक सहयोग गर्ने वचन दिएका थिए। ती साहू महाजनहरुसँग का.पुष्पलालको पनि राम्रो चिनाजानी र बसउठ थियो । १० दिन जतिपछि का.पुष्पलाल कलकत्ताबाट दरभंगा फर्कनुभयो र त्यसको तीन दिनपछि मकवानपुर पार्टी जिल्ला कमिटीको पत्रका साथ का.सोमबहादुर बानिया गाइडको रुपमा दरभंगा आइपुगे । अनि हामीहरु स्वदेश फर्कन तयार भयौं । त्यत्तिकैमा वैशाख महिना सकिनै लागिसकेको थियो ।

२०१८ सालको जेठ महिनाको पहिलो हप्ता हामीहरु रक्सौलदेखि एक किलोमिटर जति पूर्वमा पर्ने नेपाल भारत सिमाना पार गरी चार कोष झाडीतर्फ लाग्यौं। रातको ८ बजेको होला। कृष्णपक्ष भएकाले एकदमै अन्धकार थियो । रातभर खेतैखेतबाट लड्दै पड्दै बाटोमा पर्ने गाउँहरुलाई छल्दै हामीहरु उत्तर दिशातर्फ बढ्दै गयौं ।

रातभर हिँडेपछि बिहान झिसमिसे उज्यालो हुन लाग्दा हामीहरु चारकोशे झाडीको नामले प्रख्यात घनाजंगलको किनार (छेउ) मा पुग्यौं । अँध्यारो रातमा त्यो पनि बिना बाटो खेतैखेत एक क्षण पनि आराम नगरी लगातार हिँडिरहनु परेकाले थकाइ एवं दुखाइले सिंगै जिउ नै ढलिहाल्ला जस्तो भए तापनि कसैले देख्ला भन्ने डरले अरु केही बेर हिँडी घना जंगलभित्र पस्यौं ।

सय डेढ सय कदम भित्र के पस्याथ्यौं शरीरले एक कदम पनि अघि सर्न मानेन वा भनौं सकेन । एकैक्षण मात्र आराम गरौं भनेको त डेढ घण्टा जति नै निदाएछौं । ब्यूँझिएपछि एकदमै तिर्खा लाग्यो तर छेउछाउमा कतै पानी थिएन । अनुभवी का.सोमबहादुरले तुरुन्तै एउटा ठूलो जंगली बोटको बाटो डाँठमा खुकुरीले हानी पानी निकाल्यो । पानी निकै चिसो र मिठो थियो । पानी पिइसकेपछि हामीले आफ्नो साथमा बोकी लगेका खानेकुराहरु निकालेर खायौं । खाइसकेपछि फेरि आधा घण्टा जति सुत्यौं । निद खुलेपछि पूरै शरीर विल्कुलै हलुंगो भएको अनुभव भयो र अनि अगाडि बढ्न थाल्यौं । ५-६ घण्टा हिँडेपछि झमक्क साँझ पर्न थाल्यो र ठीक त्यही बेला हामीहरु जंगलभित्रै अवस्थित थारुहरुको एउटा बस्तीमा पुग्यौं । त्यो सिंगो बस्ती नै एउटा ठूलो घर जस्तो थियो किनकि त्यस बस्तीका धनी गरिब सबै मानिसहरु एउटै परिवारका सदस्यहरुझैं एकै ठाउँमा बसेर एकै किसिमको खाना खाँदा रहेछन् । हामीहरुका लागि त्यो एउटा विल्कुलै नौलो र अनौठो अनुभव थियो । का.सोमबहादुर बानियाँले मुखियाजस्तो देखिने एक जना वृद्ध थारुसँग हामीलाई बास बस्न दिनका लागि अनुरोध गरे । बृद्ध थारुले तुरुन्तै मानिहाल्यो र भन्न थाल्यो- 'साँझ आउनुभएका पाहुनालाई हामीहरु कहिल्यै निराश फर्कन दिँदैनौं ।' तपाईंहरुलाई स्वागत छ ।' ती थारहरुले हामीलाई बास बस्न मात्र दिएनन्, मीठा मीठा खानेकुराहरु पनि खुवाए । खाइसकेपछि उनीहरुसँग भएका ओढ्ने ओछ्याउनेहरु पनि दिए । हामीहरु रातभर मस्तसँग सुत्यौं । बिहान उठ्दा जिउ एकदमै ताजा र हलुंगो पायौं । मुखसुख धोएपछि थारुहरुले हामीहरुलाई एकएक गिलास तात्तातो दूध र सखर च्युरा दिए । खाइसकेपछि उनीहरुलाई धन्यवाद दिएर हामीहरु आफ्नो बाटो लाग्यौं । एक घन्टा जति हिँडेपछि हामीहरु जंगलको अर्को छेउमा पुग्यौं । केही पर चुंडे डाँडाको फेदी देखियो ।

(क्रमश:)

स्वास्थ्य

# एभोकार्डोको फाइदैफाइदा



एभोकार्डो न्यानो हावापानीमा फल्ने एक प्रकारको फल हो । नेपालमा यसको प्रयोग त्यति धेरै देखिँदैन । तर पछिल्लो समय यो फलको उपभोग गर्ने चलन भने बढ्दै गएको पाइन्छ । यो फल पाचन प्रणालीदेखि लिएर डिप्रेसन र क्यान्सरका रोगीलाई समेत फाइदाजनक मानिन्छ । यो फलमा विभिन्न २० थरीका भिटामिन तथा खनिज पाइन्छ । एभोकार्डोले मोटोपन, मधुमेह, मुटुको रोग घटाउन पनि सहयोग गर्छ । यो फल खाँदा स्वास्थ्यलाई निम्न फाइदा हुन्छ।

**पोषिलो फल**

एभोकार्डोमा भिटामिन र खनिज तत्व पर्याप्त मात्रामा पाइन्छ । एभोकार्डोको भित्री र बाहिरी भाग दुवै प्रयोग गर्न सकिन्छ । एउटा एभोकार्डोमा ६४ क्यालोरी हुन्छ । जसमा ६ ग्राम चिल्लो, ३.४ ग्राम कार्बोहाइड्रेट, एक ग्रामभन्दा कम चिनी र ३ ग्राम फाइवर हुन्छ । एभोकार्डोमा भिटामिन 'सी, ई, के, बी' पाइन्छ । राइवोप्लाविन, नियासिन, फोलेट, पयान्टोथेनिक एसिड, म्याग्नेसियम र पोटासियम पनि यो फलमा पाइन्छ । बिटाक्यारोटिन र ओमेगा-३ चिल्लो एसिड पनि यसमा पाइन्छ । एभोकार्डो पूर्ण रुपमा स्वास्थ्यवर्धक मानिन्छ । यसले रगतमा ग्लुकोजको मात्र नियन्त्रण गर्न मद्दत गर्छ ।

**मुटु स्वस्थ राख्न सहयोगी**

एउटा एभोकार्डोमा २५ मिलिग्राम चिल्लो हुन्छ । यसलाई बेटा-सिस्टेरोल भनिन्छ । यसमा रहेको चिल्लो पदार्थ स्वास्थवर्धक मानिन्छ । एभोकार्डो नियमित खाएमा रगतमा भएको कोलस्ट्रोललाई सन्तुलन राख्न सहयोग पुग्छ ।

**दृष्टि क्षमता बढाउँछ**

एभोकार्डोमा लुटिन र जियाक्जाथिन गरी दुई रसायन पाइन्छ । यी रसायनले आँखाको कोषमा एन्टिअक्सिडेन्टविरुद्ध सुरक्षा प्रदान गर्छन । यी रसायनले आँखाका कोषिकालाई नष्ट हुनबाट बचाउँछन् र अल्टाभाइलेट प्रकाश प्रदान गर्छन् ।

**घुँडा दुख्ने रोगबाट बचाउँछ**

एभोकार्डोमा पाइने भिटामिन 'के' हड्डी स्वास्थ्यका लागि अति लाभदायी मानिन्छ । दैनिक आधा एभोकार्डो खाने हो भने पनि २५ प्रतिशत भिटामिन 'के' प्राप्त हुन्छ ।

**क्यान्सरबाट बच्न सकिन्छ**

पर्याप्त मात्रामा यो फलको प्रयोगले आन्द्रा, पेट, प्याङक्रियाज र पाठेघरको मुखको क्यान्सरबाट बच्न सकिन्छ भन्ने दाबी गरिएको छ । यसमा रहेको 'फोलेट' तत्वले अनावश्यक सेल बढ्न दिँदैन । क्यान्सर लाग्न नदिन र क्यान्सर लागिसकेपछि पनि उपचारमा यो फल सहयोगी मानिन्छ । केही अनुसन्धानकर्ताका अनुसार यसमा रहेको फिटोकेमिकलले बढ्न लागेका क्यान्सरका कोषलाई रोक्छ ।

**गर्भपतन रोक्छ**

आमाको दूध खाने र गर्भमा रहेका शिशुका लागि फोलेट अनिवार्य पर्छ । एभोकार्डो नियमित सेवन गरेमा पोषणको कमीले हुने गर्भपतन हुँदैन । एमसी गिल विश्वविद्यालयले गरेको अनुसन्धानअनुसार ३० प्रतिशत गर्भपतन गर्भावस्थामा हुने फोलेटको कमीले हुन्छ ।

**डिप्रेसनको जोखिम कम गर्छ**

यो फलमा उच्च मात्रामा रहेको फोलेट तत्वले डिप्रेसन हुनबाट बचाउन सक्छ । किनकि फोलेटले होमोसिस्टाइन उत्पादन गरी मस्तिष्कमा पठाउँछ । यसले मस्तिष्कमा हुने सेरोटोनिनी, डोपामिन र नोरेनिफ्राइन प्रभावित गर्छ । जसले थकान, निद्रा र मुडलाई नियन्त्रणमा राख्छ ।

**पाचन प्रक्रियामा सहयोगी**

एभोकार्डोमा पर्याप्त मात्रामा फाइवर, क्रिमजस्ता तत्व पाइन्छन् । फाइवरयुक्त खानाले कब्जियत हुन दिँदैन र पाचन प्रणाली चुस्त बनाउँछ । पाचन प्रणाली राम्रो हुँदा आन्द्राको क्यान्सर हुने जोखिम कम हुन्छ ।

**शरीरबाट विकार हटाउँछ**

एभोकार्डो नियमित सेवन गर्दा प्राकृतिक रुपमै शरीरमा भएको विकार निर्मलीकरण गर्छ । यसको सेवनले शरीरमा रहेको दूषित रसायन दिसा या पिसावको माध्यमबाट बाहिर निस्कन्छ ।


**गठियाबाथको उपचार**

यसमा पाइने 'स्याप्नोनिन्स' ले गठियाबाथको उपचारको काम गर्छ । यसको नियमित सेवनले गठियाबाथको कारण हुने दुखाइ पनि कम गर्छ ।

# ज्युरिच: तीन दिनको सफर, दुई रातको अनुभव-२

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**





साँच्चै हामी पूर्वीयहरूले पश्चिमीहरूलाई दिन सकिने कुराहरू ध्यान, योगासन, बुद्धका मध्यममार्गी पाठहरू, गीताको कर्मयोग दर्शन आदि धेरै नभएका होइनन् । बिहान उज्यालो भएपछि म त्यो टुर बसलाई बिदा दिँदै आफैँ होटेल खोज्न टुरिस्ट अफिस पुगेँ, त्यो नजिकैको रेलवे स्टेसनमा रहेछ । नवागन्तुक पर्यटकहरूका निमित्त तिनीहरूको गच्छेअनुसारका होटेल, दृश्यावलोकन, परम्परागत चाडपर्व, लोकनृत्य आदि के कहाँ हुन्छ आदिको विषयमा युरोपीय देशहरूका टुरिस्ट अफिसले बडो तदारुकताका साथ राम्रो जानकारी दिई प्रबन्ध गरिदिँदा रहेछन् ।

मेरो अनुरोधमा कार्यरत कारिन्दाले आठ-दसओटा मध्यमवर्गीय होटेलमा फोन गरी सोध्दा पनि सिङ्गल रुम खाली भएको पाउन सकेन । मनमनै विचार गरेँ, सायद धेरै जर्मनहरू 'उरलव' मनाउन ज्युरिचमा पनि आइपुगेका छन् । आखिरमा बल्लतल्ल सहरभित्रैको मार्क्टगासेस्थित एउटा सानदार होटेलमा सिङ्गल रुम फेला पर्‍यो- प्रतिदिन स्विस फ्याङ्क ५० पर्ने रहेछ । निश्चय नै प्रशिक्षार्थीको रूपमा जर्मनीमा प्रशिक्षण प्राप्त गरिरहेका मजस्तो व्यक्तिलाई यस्तो सानदार होटेलमा धेरै दिन बस्नु गाह्रो थियो ।

**स्तनलाई पानीबाहिर पारिराख्ने प्रतिस्पर्धा**

बसबाट लामो सफर गरेर आइपुग्दा धेरै थकाइ लागेको हुँदा त्यो दिन त्यसै आराम गर्ने विचार गरेँ । दिउँसोतिर फुर्सद काट्न म होटेलको माथिल्लो तलामा रहेको 'स्विमिङ पुल' मा नुहाउन गएँ । चारैतिर ऐनाले घेरिएको त्यो ठाउँ त्यसै त न्यानो थियो त्यसमाथि त्यहाँको पानीलाई पनि गरम गरी राखिएको रहेछ । चिसो ठाउँमा तातो पानीले नुहाउन पाउनु त्योजस्तो आनन्द के हुन्थ्यो र ! विभिन्न देशबाट आएका पाहुनाहरूले खचाखच हुँदा त्यहाँको रूपै अर्को थियो । त्यसमा पनि कम्मर सलक्क परेका सुन्दर युवतीहरूले पातलो लँगौटीजस्ता अन्डरवेयर मात्र लगाएर विभिन्न तरिकाले पौडी खेलिरहेको देख्दा आफूजस्तो सिकारु पौडी खेलाडीलाई पौडी खेल्न नै अप्ठ्यारो लाग्नु स्वाभाविकै थियो । दुई जना युवतीहरू त उत्तानो परी पौडी खेल्दै कसले आफ्नो स्तन मात्र पानीबाहिर पारिराख्न सक्ने हो भनी प्रतिस्पर्धा गरिरहेका थिए । आफ्ना अङ्गहरू बढी खुला गर्न चाहने युवतीहरूका लागि यस्ता 'स्विमिङ पुल' उपयुक्त स्थान भएको जस्तो लाग्यो र एउटा कविताको केही पङ्क्ति पनि मस्तिष्कमा ठक्कर खान आइपुग्यो-

*मन बहलाउन, रूप फुकाउन*
*आफ्नो भित्री सुरमा*
*अति रूपवती वरूण कुमारी*
*खेलिरहँदा जलमा ।*
*अर्द्ध शरीर उनको माछो*
*झलमल स्वर्ण विभाषित*
*सलबल गर्दा जुन शोभाको*
*हुन्छ त्यहाँ जन्म ललित !*

**दु:ख पाइस् मङ्गले आफ्नै ढङ्गले**

त्यस दिन रातिको खाना आफू बसेको होटेलमा नखाई बाहिरै खाने विचार गरेँ । यस्तो ठाउँको खाना बाहिरतिरका साना सफा रेस्टुराँका भन्दा निकै महँगो हुन्छ । तसर्थ यसो बाहिर पनि डुलूँ र कतैतिर खाऊँ पनि भन्ने मनसायले फुर्तीसाथ निस्कँे । यताउति हेर्दै अलि पर पुगेपछि एउटा रेस्टुराँमा पसेँ जहाँ जर्मनीमा जस्तै तरुनी केटीहरूले खाना ओसारपसार गरिरहेका थिए । त्यहाँ अलि बेर लगाएर खाना खाइसिद्धचाई बाहिर निस्कँे । अलि पर जाने विचार गरेँ । लुरुलुरु करिब पन्ध्र-बीस मिनेट हिँडिसकेको रहेछु । पत्तै भएन । अब भएन फर्कनुपर्‍यो भन्ने विचार आयो र फर्कन्छु त कहाँ कुन मोडमा अलमलिएछु । आफ्नो होटेलतिर पुग्नै सकिनँ । दुर्भाग्यको कुरो, आफू बसेको होटेलको नामठाम नै याद भएन । कस्तो फसाद ! मनमनै कुरा खेल्न थाल्यो- अब बित्यास पर्‍यो, के गर्ने ! कसैसँग सोध्ने कुरै भएन जब होटेल वा त्यस ठाउँको नाम नै आफूलाई थाहा थिएन । आफ्नै गल्ती थियो । 'दु:ख पाइस् मङ्गले आफ्नै ढङ्गले' जस्तो भयो । रात बढ्दै गइरहेको थियो । चारैतिर चकमन्न थियो, तै जुनेली रात परेको रहेछ । लुरुलुरु एक्लै आफ्नो सुरमा भड्किँदै हिँडेँ- ठाउँठाउँमा 'डिसकोथे' का सङ्गीतहरू मधुरो स्वरमा सुनिन्थ्यो । एउटा बाटोको छेउमा एक जना केटी कसैलाई पर्खिरहेको जस्तै गरी ठिङ्ग उभिइरहेकी रहिछन् । मेरो मनमा लाग्यो- यो रातमा एक्लै पर्खिरहेकी यी केटीमा पक्कै पनि 'दाल मे कुछ काला है' । नभन्दै मुसुक्क हाँसी मसँग बोल्छिन् जर्मन भाषामा । स्विट्जरल्यान्डमा सबभन्दा प्रचलित सबैजसोले बोल्ने भाषा नै जर्मन भाषा हो । उनले भनिन्- "यहाँसँग आगो (सलाई) होला ? कृपया दिनुस् त ! तपाईं किन हतारिएको देखिनुहुन्छ ! एक जना साथीलाई पर्खिरहेको आउँदैआइनन्, सँगै जाऊँ ल ?" अनि बहाना बनाउँदै मैले भनेँ- "हुन्छ, तर खप्नै नसक्नु भा' छ, पहिले बताउनुस् त यतातिर कतै पिसाबघर छ कि ?" तिनी मुसुक्क हाँसिन्, औँल्याउँदै बताइदिइन् । "पर्खनुस् है त, म आउँछु" भन्दै त्यो ठाउँतिर लम्केको जस्तै गरेँ र त्यतैबाट अर्को मोड लिएर टाप कसेँ । 'कसैलाई केको धन्दा, घरज्वाइँलाई खानैको धन्दा' भनेझैँ त्यस फुँडीलाई नाठो खेलाउने नै हतार भएजस्तो ठानेँ । तर यताबाट जान्छु, उताबाट जान्छु, आफू भने आफ्नो होटेल फेला पार्न सकेको हुन्नँ । 'बाटो न घाटो दगुर्छ लाटो' भनेजस्तै यताबाट उता अनि फेरि त्यताबाट अझ उता गर्दै गइरहेको हुन्छु, फटाफट कुइँच लगाइरहेको हुन्छु । तर केही सीप लागेको हुन्न । कायल भएर एक ठाउँमा थचक्क बसेँ, विचार गरेँ- के पाप लागेको हो यो !

'बिग्रेको मान्छेको भत्केको घर' भनेको यस्तै अवस्थालाई भन्ने त होला नि भन्ने विचार गर्न थालेँ । यत्तिकैमा ईश्वरको अनुकम्पाले एउटा विचार मनमा फुर्‍यो । पहिले वा:न होफ (केन्द्रीय रेलवे स्टेसन) कता पर्छ त्यो त थाहा पाऊँ, अनि आफू बसेको होटेल पहिल्याउन कसो नसकिएला भन्ने सुझ आयो, अँध्यारो मनमा आशाको पिलपिले बत्ती प्रज्वलित हुन थाल्यो ।

(क्रमश:)

सीप सिकौं, पुन: निर्माणमा योगदान गरौं । राष्ट्रिय पुन:निर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघरसंस्थाले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन् । यस्ता तालिममा सहभागी भई सीप सिकौं, पुन:निर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुऱ्यायौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सातोका चर्चित घटनाहरू



विष्णु भट्टराई

## नौ वर्षको उमेरमै डिग्री !



चार वर्षको उमेरमा प्राथमिक विद्यालय गएका लराँ सिमोन्स नौ वर्षको उमेरमा विश्वविद्यालयको पढाइ पूरा गर्दैछन् । उनका सहपाठीहरु माध्यमिक कक्षामा पढ्दै गर्दा उनी विश्वविद्यालयको अध्ययन पूरा गरी दीक्षित हुन लागेका हुन् ।

बेल्जियमका सिमोन्सले पहिलो कक्षाको पढाइ सक्न एक वर्ष लगाए । त्यसपछि उनी धेरै छिटो सिक्न थाले र अर्को वर्ष उनी दुईबाट ६ कक्षामा गए । छ वर्षको उमेरमा उनी माध्यामिक विद्यालय गए र छ वर्षको पढाइ १८ महिनामा पूरा गरे । त्यसपछि छोटो समय विश्राम लिन उनले । आठ वर्षको उमेरमा उनले छ महिना घरमै बिताइन् । आठ महिनाअघि विश्वविद्यालय गएका उनी डिसेम्बरमा दीक्षित हुँदैछन् ।

नौ महिना अध्ययन गरेपश्चात उनले डिसेम्बरमा इलेक्ट्रिकल इन्जिनियरिङमा डिग्री हासिल गर्दैछन् । आफूलाई अध्ययनमा यस्तो सफलता कसरी मिल्यो उनलाई थाहा छैन । बीबीसीको न्यूजडे कार्यक्रमले उनलाई नौ वर्षमा डिग्री कसरी पाउन सफल भए भनेर सोध्दा उनले भने, 'मलाई थाहै छैन ।'

लराँलाई प्रविधिले मानव शरीरलाई कसरी सहयोग गर्छ भन्ने विषयमा चासो छ । उनले स्नातक तहमा मस्तिष्कसँग जोडिएको इलेक्ट्रिक चिपको बारेमा शोध गरिरहेका छन् । सो चिपले हजारौं स्नायुहरूलाई एकैपटक मापन गर्दै तिनको अनुगमन गर्छ । उनी चिकित्सकहरूको परिवारबाट आएका हुनाले उनलाई चिकित्साशास्त्र अध्ययन गरेर त्यसैमा विद्यावारिधि हासिल गर्न मन छ । तर उनको महत्वाकांक्षा अर्कै छ । उनी भन्छन्, 'कृत्रिम अंग बनाउने मेरो लक्ष्य छ । म मानिसको आयु बढाउन चाहन्छु ।'

कृत्रिम अंगको विकास गर्दै मानव आयु बढाउने र जीवनको गुणस्तर बढाउने उनको उद्देश्य हो । 'हजुरबुबा र हजुरआमाले उनलाई हुर्काएका हुन् र उनीहरूले लराँमा विलक्षण प्रतिभा भएको उनीहरूले नै पत्ता लगाएका हुन्,' लराँका बुवा अलेक्जान्डर सिमोन्स भन्छन्, 'तर हामीले उहाँहरूको कुरालाई गम्भीरतापूर्वक लिएकै थिएनौं ।'

उनका प्राथमिक विद्यालयका शिक्षकहरूले पनि उनको प्रतिभा विलक्षण भएको बताएका छन् । त्यसपछि उनी कसरी त्यस्तो परिष्कृत भए भनेर आमाबावुले खोज्न थाले । उनको विकासको गति देखेर विज्ञहरू पनि चकित भएका छन् ।

उनको स्मरणशक्ति एकदमै बलियो थियो र उनको तीक्ष्णता मापन गर्दा उनले १४५ आईक्यू स्कोर पाए । उनको विश्लेषणात्मक क्षमता पनि गजब नै पाइयो । उनलाई गणित र विज्ञानमा रुचि थियो र पछि भाषाहरूमा पनि चासो दिन थाले । उनी सुरुमा विद्यालयमा त्यति रमाएनन् । समुद्र तटमा गएर खेल्न रुचाए । तर विश्वविद्यालय जान थालेपछि उनले आफ्नै तरिकाले अध्ययन थाले । उनको दैनिकी कठोर लाग्छ ।

उनका सहपाठीहरूले किशोरावस्था पूरा गरिसकेकाले लराँलाई सहज बनाउन उनलाई अलग्गै कक्षा कोठामा राखिन्छ । उनका पिता भन्छन् उनले आफ्नो बाल्यकालका खुसीहरू गुमाएका छैनन् र उनलाई कुनै दबाब छैन । उनी अहिले नै प्रख्यात छन् । इन्टाग्राममा उनलाई ३५ हजारले पछ्याइरहेका छन् र त्यहाँ उनले रमाइलो गरिरहेका तस्बिरहरू हाल्छन् ।

## कन्जरभेटिभ्सले बहुमत ल्याउने प्रक्षेपण

लन्डन । बेलायती प्रधानमन्त्री बोरिस जोन्सनको सत्तारुढ कन्जरभेटिभ्स पार्टीले बेलायती संसदको आगामी निर्वाचनमा बहुमत ल्याउने चुनावी मतसर्वेक्षणले देखाएको छ ।

यूगभ नामक अनुसन्धान संस्थाले गरको पछिल्लो मतसर्वेक्षणमा यही साता चुनाव भए सत्तारुढ कन्जरभेटिभ्सले संसदमा स्पष्ट बहुमत ल्याउने बताएको छ । बेलायतमा आगामी डिसेम्बर १२ मा संसदको चुनाव हुँदैछ ।

युरोपेली संघबाट बेलायतको बहिर्गमन (ब्रेक्जिट) का पक्षधर प्रधानमन्त्री जोन्सनले यो चुनाव बेलायतको भविष्यका लागि महत्वपूर्ण रहेको बताउँदै आउनुभएको छ । ब्रेक्जिटका विषयमा यसअघिको संसदमा सहमति नजुटेपछि विपक्षीको समेत सहमतिमा संसदको आमनिर्वाचन हुन लागेको हो ।

बुधबार सार्वजनिक युगभको मतसर्वेक्षणमा यही बिहीबार चुनाब हुने भए कन्जरभेटिभ्सले मुख्य विपक्षी लेबर पार्टीबाट ४४ स्थान खोस्ने र ६८ स्थान सहित बहुमत हासिल गर्ने देखाइएको छ । यसअघि विजयी भएको विपक्षी लेबर पार्टीले कतिपय स्थान गुमाउने देखिएको छ ।

यी स्थानका मानिसहरु बढी मात्रामा ब्रेक्जिट पक्षधर देखिएका छन्, खासगरी बेलायतका उत्तरी र मध्य क्षेत्रमा । युगभले सन् २०१७ मा भएको पछिल्लो आमनिर्वाचनमा समेत आफ्नो आँकलन सही निस्किएको दाबी गरेको छ ।

युगभका अनुसार यस पटकको चुनावमा सत्तारुढ कन्जरभेटिभ्स पार्टीले ३५९ र मुख्य विपक्षी लेबर पार्टीले २११ स्थान जित्नेछ । लेबर पार्टीले ५९ सिट गुमाउने युगभको सर्वेक्षणले देखाएको छ ।

## अमेरिकालाई चीनको कडा चेतावनी

हङकङमा जारी प्रदर्शनका सवालमा चीन र अमेरिकाबीच द्वन्द्व बढेको छ । हङकङका प्रदर्शकारीको समर्थनमा अमेरिका वैधानिक रुपमै उत्रिन थालेपछि चीनले कडा आपत्ति जनाएको छ । चीनले अमेरिकालाई चेतावनी दिदैं हङकङका प्रदर्शनकारीमाथि समर्थन जारी राखेमा कडा जवाफी कदम उठाइने बताएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हङकङमा भइरहेको प्रदर्शनलाई समर्थन गर्नेगरी मानवअधिकार तथा प्रजातन्त्रसम्बन्धी एक विधेयकलाई स्वीकृत गरेका थिए । उक्त कानुनअनुसार अमेरिकालाई चीनबाट हङकङ स्वायत्त रहिरहोस् भन्ने उद्देश्यले वार्षिक समीक्षा गर्ने वैधानिक बाटो खुल्नेछ ।

अमेरिकाको सो कदमपछि चिनियाँ विदेश मन्त्रालयले प्रतिक्रिया जनाउँदै अमेरिकाले तथ्यहरुलाई नजरअन्दाज गर्नुका साथै तोडमोड गरेर पेश गरेको आरोप लगाएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताका अनुसार अमेरिका आगजनी, तोडफोड र सामाजिक व्यवस्थालाई हानी पुऱ्याइरहेका हिंस्रक अपराधीहरुको खुलेआम समर्थनमा उत्रिएको छ । अमेरिका यही बाटोबाट अघि बढ्ने हो भने चीनले पनि जवाफी कदम उठाउने चीनको चेतावनी छ ।

हङकङमा सरकार विरोधी प्रदर्शन सुरुवाती चरणमै रहँदा अमेरिकामा उक्त विधेयक पेश गरिएको थियो । गत महिना लगभग सबै अमेरिकी सांसदले उक्त विधेयकको समर्थन गरेका थिए । विधेयकमा भनिएको छ, 'हङकङ चीनको हिस्सा हो । तर, यसको कानुनी र आर्थिक व्यवस्था केही हदसम्म चीनबाट अलग छ ।'

वार्षिक समीक्षामार्फत चीनबाट हङकङको नागरिक स्वतन्त्रता हनन् भए-नभएको, हङकङमा नियमअनुसार नै शासन चले-नचलेको जस्ता विषयमा अमेरिकी दृष्टिकोण बनाउने विधेयकको मुख्य उद्देश्य हो । अमेरिकाले हङकङको स्यायत्तता कायम रहेर उसको विशेष व्यापारिक दर्जा निरन्तर रहोस् भन्ने चाहेको छ । हङकङलाई प्राप्त विशेष व्यापारिक दर्जाका आधारमा उसले चीनविरुद्धको कुनै प्रकारको प्रतिवन्ध या व्यापार शुल्क वृद्धिको मार खेप्नुपर्ने छैन ।

विधेयकले हङकङमा अहिंस्रक प्रदर्शन गरेका सबै प्रदर्शनकारीलाई अमेरिकाको प्रवेषाज्ञा लिन अनुमति दिन्छ ।विश्लेषकहरुका अनुसार अमेरिका र चीनबिच भइरहेको व्यापार युद्धपछि यो अर्को तनावपूर्ण विषय हो । यसले व्यापार युद्ध अन्त्यका लागि भइरहेको प्रयासलाई पनि प्रभावित पार्न सक्छ । चीनको विदेश मन्त्रालयले बेइजिङस्थित अमेरिकी राजदूतलाई बोलाएर चीनको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न चेतावनी दिएको छ । हङकङ सरकारले पनि अमेरिकी विधेयकले गलत सन्देश जाने टिप्पणी गरेको छ । हङकङमा भइरहेको प्रदर्शनमा आवद्ध अभियन्ता जोशुआ वाङ्गले भने अमेरिकी कानुन हङकङका सबै नागरिकका लागि ठूलो उपलब्धि भएको बताए ।

## कूटनीतिकमा पनि चीन अगाडि



चीन आर्थिक विकाससँगै कूटनीतिक उपस्थितिमा पनि अमेरिकालाई पछि पार्न सफल भएको एक अध्ययनले देखएको छ । एक अस्ट्रलियाली संस्थाले पहिलो पटक चीनको संसारमा सबैभन्दा धेरै कूटनीतिक उपस्थिति भएको जनाएको छ ।

लोयी इन्स्टिच्युटका अनुसार सन् २०१९ मा संसारभर चीनको राजदूतावास र अन्य कूटनीतिक कार्यालयहरूको संख्या २ सय ७६ पुगेको छ । यो संख्या अमेरिकाको भन्दा बढी हो । अमेरिकाको संसारभर २ सय ७३ वटा त्यस्ता कार्यालय छन् भने त्यसपछि क्रमशः फ्रान्स, जापान र रुस कूटनीतिक कार्यालय स्थापनामा अगाडि रहेका छन् । बेलायत भने कूनीतिक उपस्थितिका हिसाबले ११ औं स्थानमा पर्छ । सो प्रतिवेदनमा राजदूतावास, उच्च आयोग र वाणिज्य दूतावासहरू गणना गरिएका छन् । यसका अध्ययनकर्ताहरूले यो अंकले भूराजनीतिक पहुँचको शक्ति र कमजोरी देखाउने बताएका छन् । चीनको कूटनीतिक उपस्थिति हालैका वर्षहरूमा तीव्र गतिमा बढेको हो । सन् २०१६ मा अमेरिका र फ्रान्सपछि तेस्रो स्थानमा रहेको चीन सन् २०१७ मा दोस्रो स्थानमा पुगेको थियो ।

अमेरिकाको पनि सन् २०१६ यता दुई स्थानमा कूटनीतिक उपस्थिति थपिएको छ । बेलायतको भने यो अवधिमा कूटनीतिक उपस्थिति कम भएको छ । सन् २०१६ मा २ सय १६ स्थानमा कूटनीतिक उपस्थितिद रहेको बेलायतको अहिले २ सय ५ स्थानमा मात्रै उपस्थिति छ । दक्षिण एशियाली मुलुकहरूमा भने सबैभन्दा बढी कूटनीतिक उपस्थिति भारतको छ । उसका विश्वमा १८६ स्थानमा कुटनीति कार्यालय छन् । पाकिस्तानको ११७ स्थानमा, बंगलादेशको ७५ र श्रीलंकाको ६७ स्थानमा कूटनीतिक उपस्थिति छ । प्रतिवेदनअनुसार नेपालको ३९ स्थानमा कूटनीतिक उपस्थिति छ । सन् २०१६ पछि नेपालको तीन स्थानमा कूटनीतिक उपस्थिति थपिएको छ ।

## पशु चिकित्सकको हत्याले भारतभर विरोध

हैदराबादमा एक पशु चिकित्सकको बलात्कारपछि हत्याको भारतभर विरोध भएको छ। दोषीलाई कडा कारबाहीको माग गर्दै हजारौंले प्रदर्शन गरेका छन्। २७ वर्षकी ती चिकित्सकलाई घर फर्किने क्रममा एक साताअघि बलात्कारपछि हत्या गरी जलाइएको थियो। बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ।

आरोपितमध्येका दुईजनाका आमाले आफ्ना छोरा दोषी पाइए उनीहरूमाथि कडा कारबाही गर्न सरकारलाई आह्वान गरेका छन्। 'दोषी भएको प्रमाण भए उनीहरूलाई सजाय दिइयोस्। मेरी पनि एउटी छोरी छिन्,' एक महिलाको भनाइ उद्धृत गर्दै प्रेस ट्रस्ट अफ इन्डियाले जनाएको छ। हैदराबादको एउटा प्रहरीचौकीमा बलात्कारको विरोध गर्दै हजारौं मानिस भेला भएका थिए। दोषीलाई मृत्युदण्ड दिनुपर्ने उनीहरूले माग गरेका थिए। देशका अन्य सहरमा पनि बलात्कारको विरोधमा प्रदर्शन भइरहेका छन्। पीडित बसोवास गर्ने हैदराबादको सम्साबादमा टोल प्रवेश गर्ने मुख्य गेट बन्द गरी एउटा प्लेकार्ड झुन्ड्याइएको छ, जसमा लेखिएको छ- 'सञ्चार माध्यम, प्रहरी र बाहिरी मानिस कोही आउनुपर्दैन। कसैले सहानुभूति दिनुपर्दैन, केबल न्याय दिइयोस्।

डाक्टरसँग एपोइन्टमेन्ट लिएकी ती युवती आफ्नो स्कुटीमा स्थानीय समयअनुसार गत बुधबार साँझ ६ बजे घरबाट बाहिर निस्किएकी थिइन्। केही समयपछि उनले घरमा फोन गरी स्कुटीको टायर पन्चर भएको र एक लरीचालकले सहयोग गर्ने बताएको जानकारी गराएकी थिइन। त्यसको केही समयपछि उनको मोबाइलमा सम्पर्क हुन सकेको थिएन। बिहीबार बिहान युवतीको जलेको शव फ्लाइओभरमुनि फेला परेको थियो। भारतीय कानुनअनुसार बलात्कारपीडितको पहिचान मृत्युपछि पनि सार्वजनिक गर्न मिल्दैन। तर, शुक्रबार युवतीको नाम ट्विटरको ट्रेन्डिङमा थियो। आक्रोशित दसौं हजार ट्विट प्रयोगकर्ताले दोषीमाथि कारबाहीको माग गरेका थिए।


माथिल्लो सदन राज्यसभाकी सदस्य जया बच्चनले पशु चिकित्सकलाई सामूहिक बलात्कार गर्नेलाई फाँसी दिनुपर्ने बताएकी छिन्। 'मेरो भनाइ सुन्दा कतिलाई निर्दयी लाग्न सक्छ, तर बलात्कारीलाई सार्वजनिक स्थलमा लगेर मृत्युदण्ड दिनुपर्छ,' संसद्मा बोल्दै बच्चनले भनिन्। बच्चन समाजवादी पार्टीको तर्फबाट सन् २००४ देखि राज्यसभाको सदस्य छिन्। पूर्वबलिउड अभिनेत्री बच्चनले संसद्मा महिलाका हक-अधिकारका विषयमा बारम्बार आवाज उठाउँदै आएकी छिन्।

# पर्यटक तान्दै सोमेश्वरगढीका ढुंगा

काठमाडौं । नेपाल–भारत सीमाको सोमेश्वरगढी जंगलका भीमकाय ढुंगाहरू जुरूक्क उठेर हिंड्छन् किझैं भएका छन् । सीपले खारिएका कलाकारले छिनुले ठुँगेर ती मौन ढुंगामा कला रोपण गरेपछि जीवन्त बेनका छन् । अनकन्टारझैं लाग्ने सोमेश्वरगढीको जंगल यतिबेला चलायमान भएको छ दर्शकहरूको आवतजावतले ।

जंगलमा लेउले छोपिएर बसेका ती ढुंगामा अनेक कला कोरिएपछि अब सिंगो क्षेत्र खुला संग्रहालयमा परिणत भएको दर्शकहरूको भनाइ छ । नेपालका ख्यातिप्राप्त कलाकारले जंगलका ढुंगामा रचेको कलाकारिताले यतिबेला हजारौं मानिसको ध्यान खिचेको छ । खुला संग्रहालयका रूपमा खुलेको प्रस्तर कलाले दर्शकको मन त खिचेको छ नै नेपाल भारत सीमाको सोमेश्वरगढीको मुहारमा नौलो चमक पनि थपिदिएको छ ।

नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, मूर्तिकला विभाग र माडी नगरपालिकाको सहकार्यमा भएको खुला संग्रहालयका लागि १८ दिनसम्म कला कार्यशाला गरिएको थियो । सिल्पी कलाकारले प्रस्तर (ढुंगा) मा कला कुँदेर तयार पारेको विभिन्न आकृतिले यतिबेला दर्शकको मन हरिरहेको देखिन्छ भने कलाकारहरू पनि आकर्षणको केन्द्र बनेका छन् ।













कात्तिक २३ गतेदेखि सुरू भएर लागातार १८ दिनसम्म चलेको सो कार्यशालामा २९ जना मूर्तिकार हरूले ४६ वटा कलाकृति सिर्जना गरेको कार्यशालामा सहभागी मूर्तिकार राजु पिठाकोटेले सुनाए । राजुका अनुसार नेपाल भारतको सिमानामा रहेको सोमेश्वरगढीसँगै गरिएको यस किसिमको कार्यशालाले सीमा रक्षामा समेत ठूलो महत्व राख्नेछ ।

कलाकार राजु हिउँमा कलाकृति रचना गर्ने विश्वकै परिचित कलाकारमध्येमा पर्छन् । उनको समूहले फ्रान्स लगायतका मुलुकमा आफ्नो कला प्रस्तुत गरेर नेपालको नाक ठड्याइसकेको छ । सोमेश्वरगढीमा भने कलाकृतिहरू कुनै मूर्त र कुनै अमूर्त तथा अर्ध अमूर्त शैलीका छन् । मूर्तिकारहरूले सोमेश्वरगढी क्षेत्रकै जंगलमा बास बसेर १८ दिनसम्म त्यहाँका भीमकाय ढुंगाहरूलाई जिवन्त बनाएका छन् ।

कार्यशालामा नेपालका ख्यातिप्राप्त मूर्ति कलाकारहरू राजु पिठाकोटे, लक्ष्मण भुजेल, उत्तम डंगोल, हरिराम अधिकारी, गंगाधर सारू, राजन काफ्ले, हिम्मत नेम्वाङ, रामचन्द्र पण्डित, इन्दिरा स्रेष्ठ, सुनिता राणा, देवेन्द्र पाण्डे, दिनेश्वर महतो, सुमन राई, भीम श्रेष्ठ थिए ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

प्रेरक

## रामकृष्णको सरलता



डा. महेन्द्रनाथ सरकार त्यस समय कोलकाताका निकै नाम चलेका चिकित्सक थिए। उनी चिकित्सा क्षेत्रका चिरपरिचित हस्ती नै थिए। उनले स्वामी रामकृष्ण परमहंसबारे निकै चर्चा सुनेका थिए। उनी रामकृष्णसित भेटघाट गर्न र उनको सत्संग सुन्न् चाहन्थे। तर, उनले प्रत्यक्षतः भेटघाट गर्ने मौका पाइरहेका थिएनन्। उनले रामकृष्णको सत्संग सुन्ने् मौका पनि पाएका थिएनन्।

लामो प्रयासपछि एकपटक चिकित्सकीय कामकाजबाट फुर्सद मिलाएर रामकृष्ण परमहंससित भेटघाट गर्ने र उनको सत्संग सुन्ने् समय मिलाएर उनी भुवनेश्वरी मन्दिरतिर गए, जहाँ रामकृष्णको आश्रम थियो। यहीँ उनको सत्संग चल्ने गर्थ्यो। डा. सरकार पुग्दा स्वामी रामकृष्ण परमहंस बगैँचामा टहलिँदै झार उखेलिरहेका थिए।

डा. सरकारले त्यसअघि रामकृष्णबारे सुनेका मात्र थिए, कहिल्यै देखेका थिएनन्। त्यसैले, उनी रामकृष्णलाई चिन्दैनथे। त्यसैले अत्यन्त सादा वेशभूषामा झार उखेलिरहेका रामकृष्णलाई उनले त्यहाँका माली ठाने। त्यसैले डा. सरकारले अलि ठूलो स्वरमा भने- ए मालीदाइ, मलाई अलिकति फूल दिनुहोस् न। रामकृष्ण परमहंसलाई चढाउनु छ।

डा. सरकारको आग्रह सुनेपछि रामकृष्णले कुनै प्रतिक्रिया नजनाई राम्रा-राम्रा फूल टिपेर डा. सरकारलाई दिए। केही समयपछि रामकृष्णको सत्संग सुरु भयो। आफूले जसलाई माली ठानेर फूल मागेका थिए, उनै व्यक्ति अहिले रामकृष्णको आसनमा विराजमान भएको देखेर डा. सरकार लज्जित भए। रामकृष्णको यस्तो सरलता र विनम्रता देख्दा उनी आश्चर्यचकित भए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आम्दानी मनग्य भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ। आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। तापनि प्रयत्न गर्दा ऋणमोचन हुने समय छ। पछिसम्म लाभ हुने काम प्रारम्भ हुन सक्छ। साझेदारीमा पनि फाइदै हुनेछ। मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। आर्थिक लेनदेनमा सजग रहनुहोला।

### बृष

पुरुषार्थी काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुन सक्छ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ। मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिसँग मित्रता बढ्नेछ। नोकरी तथा व्यापार-व्यवसायमा लाग्नेहरूलाई फाइदा होला। रुचिका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ।

### मिथुन

शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ। काम देखाएर अरूको सहयोग जुटाउन सफल भइनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। मेहनतले पदीय जिम्मेवारी समेत दिलाउनेछ। धेरैले आफ्ना कामको तारिफ गर्नेछन्।

### कर्कट

समयमै गम्भीर नबन्दा नचिताएको समस्या देखिन सक्छ। आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन्। हुलमुलमा धनमाल गुम्न सक्छ। खर्च बढ्नुका साथै अर्थ अभाव महसुस हुनेछ। अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। फाइदाका पछि लाग्दा आत्मीय सम्बन्ध बिग्रन सक्छ। उपचारमा खर्च हुने समय छ।

### सिंह

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। आफन्तसँग रमाइलो भेटघाट हुनेछ। आकर्षक उपहारले उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। परिवारजनको साथले उत्साह जगाउनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ। व्यवसायबाट प्रशस्त आम्दानी भइरहनेछ। भौतिक वस्तुहरू जुटाउन सकिनेछ।

### कन्या

हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ। मेहनतले प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ। भौतिक साधन जुट्नेछन्। बलजफ्ती गरेरै भए पनि चिताएको काम बनाउन सकिनेछ। शत्रु परास्त हुनेछन् भने रोगबाट पनि छुटकारा मिल्नेछ। आवेशलाई नियन्त्रणमा राख्नुहोला, मुद्दा-मामिलामा विजयी भइनेछ। व्यवसायमा मनग्य फाइदा हुनेछ। शत्रु तथा प्रतिस्पर्धीसँग भने सम्झौता गर्नुपर्ला।

### तुला

कामले उत्साह जगाउनेछ। सुखद समाचार सुन्न पाइनेछ। स्वास्थ्य सबल रहनेछ। अवरोध बिस्तारै समाप्त हुनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। हिम्मत गर्दा आफ्नै प्रतिभाले फाइदा दिलाउनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। तर महत्वाकांक्षा भने पूरा नहुन सक्छ। साइनो गाँस्नेहरूले व्यवहारमा अप्ठ्यारो पार्न सक्छन्न्, सतर्क रहनुहोला।

### वृश्चिक

समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ। परिस्थितिको बन्धनले पनि स्वतन्त्रतामा बाधा पुर्याउला। महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला। आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन्। बुद्धिको उपयोग गर्दा काम काम सम्पादन हुनेछ।

### धनु

हिम्मतले काम बनाउन सकिनेछ। मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ। नयाँ काम प्रारम्भ हुनेछ भने आम्दानी बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रुहरू परास्त हुनेछन् र प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ। विगतका कर्मको उचित प्रतिफल पाइनेछ। सहयोगीहरू जुट्नेछन् भने पहिले दुश्मनी गर्नेहरू पनि मित्र बन्नेछन्।

### मकर

द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। वादविवादले आँटेका काममा बाधा पुर्याउने हुँदा सजग रहनुपर्ला। अरूको वचन टाल्न नसक्दा दुस्ख पाइनेछ। तर मिहिनेत गर्दा आयआर्जनका स्रोत बढ्नेछन्। पहिलेका कमजोरी सुधार्ने अवसर प्राप्त हुनेछ। बोलीको भरमा काम सम्पादन हुनेछ। पठन-पाठनमा राम्रै प्रगति हुनेछ। विशेष सभा-समारोहमा सहभागी बन्ने अवसर जुट्नेछ।

### कुम्भ

पहिलेको सफलताले महत्वाकांक्षा बढाउनेछ। विभिन्न अवसर पनि आउनेछन्। तर हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटको अलमलले चिताएका काममा बाधा पुग्न सक्छ। तापनि मिहिनेत गर्दा दिगो काममा जग बसाउने अवसर जुट्नेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम हातपार्ने सौभाग्य प्राप्त हुनेछ। (नेपाली पात्रो)

### मीन

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला। समय दिन नसक्दा काम बिग्रन सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। शुभचिन्तकहरू समेत टाढा हुनेछन्। धेरै लगानीपछि कममात्र फाइदा हुनेछ।

# समाचार संक्षेप

## सर्जक र स्रष्टालाई सम्मान

काठमाडौं। सुनारको सय चोट लोहारको एकै चोट भनेजस्तै उचित समयमा र सन्दर्भ पारेर नेपाल भूपरिवेष्ठित राष्ट्र होइन, सत्ता संचालकहरूको बुद्धिमा बिर्को लागेको कारण नेपालमाथि पटक-पटक ठेस पुग्न गएको छ भन्ने विचार बोकी भएको कार्यक्रममा "मेरो वृहत्तर नेपाल" का निम्न सर्जक तथा श्रष्टाहरूलाई सम्मान गरिएको छ। "मेरो वृहत्तर नेपाल" ग्रन्थका प्रकाशक मोहनबहादुर के.सी., पत्रकार बसन्त खड्का, विचारक भरत दाहाल, सीमाविद्, बुद्धिनारायण श्रेष्ठ, लेखक दीर्घराज प्रसाई, वरिष्ठ पत्रकार नरेन्द्रप्रसाद उपाध्याय, जागरुक विचारक प्रेमसागर पौडेल, वरिष्ठ पत्रकार, राजन कार्की, जलस्रोतविद रत्नसंसार श्रेष्ठ, वरिष्ठ राजनीतिज्ञ साध्यबहादुर भण्डारी, प्रा.डा. शास्त्रदत्त पन्त र "मेरो वृहत्तर नेपाल" ग्रन्थका समीक्षकद्वय पूर्व जर्नेल डा. प्रेमसिंह बस्न्यात, इतिहासविद, प्रा.डा. सुरेन्द्र के.सी. लाई सम्मान गरिएको थियो।

## उपकरणहरू हस्तान्तरण

काठमाडौं। अमेरिकी राजदूताबासको आर्थिक तथा प्राविधिक सहयोगमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत, जिल्ला प्रहरी कार्यालय उदयपुर र ईलाका प्रहरी कार्यालय चपूर रौतहटमा तयार गरिएका अत्याधुनिक पोलिग्राफ परीक्षण कक्षहरु प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभागमा आयोजित कार्यक्रमबीच नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको छ। कार्यक्रममा नेपाल प्रहरीको तर्फबाट कार्य एवं अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक पुष्कर कार्की र अमेरिकी राजदूताबासको तर्फबाट कार्यक्रम प्रबन्धक कार्ल ए रिशिमले हस्तान्तरणपत्रमा हस्ताक्षर गर्नुभयो।

नेपाल प्रहरीमा पोलीग्राफ प्रविधिको शुरुवातदेखि नै यसको विकासको लागि अमेरिकी राजदूताबासबाट आर्थिक, प्राविधिक तथा भौतिक सहयोग प्राप्त हुँदै आएको छ। हालसम्म अमेरिकी राजदूताबासले पोलीग्राफ उपकरण सहित नेपाल प्रहरीका ३९ जना प्रहरी अधिकृतहरुलाई पोलीग्राफ परीक्षक आधारभूत तथा उन्नत तालिमको व्यवस्था, ११ स्थानमा सुविधा सम्पन्न पोलिग्राफ परीक्षण कक्ष तयार गर्नुको साथै पोलीग्राफ परीक्षकहरुलाई आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्तरको सदस्यता प्रदान तथा नवीकरणको व्यवस्था समेत गर्दै आएको उक्त विभागले जनाएको छ। अमेरिकी राजदूताबासको आर्थिक तथा प्राविधिक सहयोगमा जिल्ला प्रहरी कार्यालयहरु नवलपरासी (पूर्व), जुम्ला, कालीकोट, डोटी र बाजुराका लागि जोडिएका विभिन्न नेटवर्किङ उपकरणहरु प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयमा आयोजित कार्यक्रमबीच नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको छ।

## सरसफाई

जनकपुर उपमहानगरपालिका १० स्थित सांस्कृतिक धार्मिक धरोहर जानकी मन्दिरमा समुदाय(प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बृहत सरसफाइ कार्यक्रम सम्पन्न भएको छ।

२ नम्बर प्रदेश जनकपुरको प्रदेश प्रहरी श्रीमती संघ र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजनामा उक्त सरसफाई कार्यक्रम सम्पन्न भएको हो। उक्त कार्यक्रममा जनकपुर उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक प्रधुम्न कार्की, संघीय प्रहरी ईकाई कार्यालय जनकपुरका प्रमुख, दंगा नियन्त्रण प्रहरी गण ढल्लेवरका प्रमुख, २ नम्बर प्रदेश प्रहरी गणका प्रमुख, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, स्थानीय संचारकर्मी लगायत प्रहरी कर्मचारीहरुको सहभागिता रहेको थियो।

## लागूऔषधसहित पक्राउ

काठमाडौं। काठमाडौं महानगरपालिका ८ जयवागेश्वरीस्थित सडक किनारबाट अवैध लागूऔषध खैरो हेरोइन ९ ग्राम, डिजिटल तराजु १ थान, १० हजार रुपैयाँ र नागरिकताको फोटोकपी सहित झापा बाह्रदशी गाउँपालिका(२ ठेगाना सहित २७ वर्षीय रबि बानियालाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## अवैध वस्तुसहित पक्राउ

काठमाडौं। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कालो रंगको वन्यजन्तुको सिङ्ग जस्तो देखिने वस्तु १ थान सहित हुम्ला ताँजाकोट गाउँपालिका ५ कि २५ वर्षीया सम्झना बुढालाई प्रहरीले पक्राउ गरेको छ। सिम्रिक एयरको हेलिकप्टरद्वारा गोरखाको धापाबाट काठमाडौं आएकी उनलाई विमानस्थलको फलामे गेट एरियामा एक्सरे मेशिनमा स्क्रिनिङ गर्ने क्रममा उनको साथमा रहेको बोरामा उक्त वस्तु फेला पारी प्रहरीले पक्राउ गरेको हो।

## दुर्घटनामा १५ जनाको मृत्यु

काठमाडौं। बाग्लुङ, बडीगाड गाउँपालिका ७ भिमगिठेस्थित सडकमा गुल्मी ईस्माबाट बुर्तिबाङतर्फ जाँदै गरेको ग.१ ज ५२१९ नम्बरको जिप सडकबाट अन्दाजी ५ सय मिटर तल खोलामा खसेर दुर्घटना हुँदा चालक समेत जिपमा सवार १४ जनाको घटनास्थलमै मृत्यु भएको छ। साथै दुर्घटनामा घाइते भएका ३ जनालाई उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र बुर्तिबाङ पठाइएको छ भने बेपत्ता भएका एक जना पुरुषको खोजी भइरहेको छ।

मोरङ, उर्लाबारी नगरपालिका(५ झुम्राहास्थित भित्री सडकमा ना.८ ख ७०५३ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने जोगिन्दर मण्डलको छोरी ४ वर्षीया राधिका कुमारी मण्डलको घटनास्थलमै मृत्यु भएको छ। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनास्थलमा तत्कालै स्थानीय प्रहरी खटिई गई उद्दार कार्य गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## बम बिष्फोटमा संलग्न पक्राउ

उदयपुर। त्रियुगा नगरपालिका ६ जलजलेस्थित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यालयको भवनमा गत भदौ २ गते सिलिण्डर बम बिष्फोट भएको घटनामा संलग्न रहेको अभियोगमा उदयपुर गाईघाट बजार बस्ने रुकुम मुसिकोट नगरपालिका १४ घर भएका देहज भन्ने २१ वर्षीय हरि बहादुर बिष्टलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। उक्त बिष्फोटन भएको घटनामा संलग्न अभियुक्तको खोजी गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले घटनामा संलग्नमध्ये बिष्टलाई त्रियुगा नगरपालिका(३ बसपार्कबाट फेला पारी पक्राउ गरेको हो।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Vacuous = खोक्रो वा रित्तो वा मूर्ख A vacuous expression can not attract the public (खोक्रो अभिव्यक्तिले कसैलाई पनि आकर्षण गर्न सक्तैन)

Wrest = बलजफतले आफ्नो पक्षमा पार्नु To wrest a confession by giving torture is against human right (यातना दिएर दोष स्वीकार गर्न लगाउनु मानव अधिकारको विपरीत हुन्छ)

Yokel = गँवार वा पाखे Regarding him as a yokel, everybody laughs at him (पाखे सम्झेर सबैले उसलाई खिसी गर्छन)

Zap = जोस जाँगर र क्षमता Being a woman, she is so full of zap that no can easily believe it (आइमाई भएर पनि तिनी यति जाँगरिलो र क्षमतावान छिन् भन्ने कुरा कसैले पनि सजिलै विश्वास गर्दैनन्)

Adulterate = मिसावट गर्नु It is a crime to adulterate foods (खाद्य पदार्थमा अखाद्य कुरा मिसाउनु अपराध हो)

Burgeon = छिटो छिटो बढ्नु Third world countries have a burgeoning population (तेस्रो विश्वका देशहरूमा जनसंख्या छिटोछिटो बढ्दो छ )

Chicanery = धोकापूर्ण, छलकपटपूर्ण In developing countries, the politicians are always accused of chicanery (विकासशील देशहरूमा राजनीतिज्ञहरू प्रायः धोकापूर्ण अभिव्यक्तिको लागि आरोपित हुने गर्दछन)

Desiccate = सुकाउनु Fresh vegetable can be desiccated for future use (ताजा तरकारीहरू पछिको प्रयोगको लागि सुकाएर राख्न सकिन्छ)

Embellish = गहनाद्वारा सिंगार्नु। राम्रो बनाएर प्रस्तुत गर्नु I do not like the cloth embellished with laces and ribbons (फित्ता र फुर्काफुर्की (रिवन) जडेर बनाइएको लुगा मलाई मनपर्दैन )

Fervor = संवेदनशील र भावनापूर्ण As he speaks with great fervor, he tends always to be cheered (ऊ संवेदनशील भएर भावपूर्ण किसिमबाट भाषण गर्ने भएको हुँदा ऊ सधैं थपडी र वाहवाहको पात्र बन्ने गर्दछ)

## Call बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Call out = बोलाउनु Why did not you stand when I called out your name मैले तिम्रो नाम बोलाएपछि तिमी किन उठेनौ ?

Call to somebody for something = केहीको लागि आग्रह गर्नु He called to her father for money उसले बुवानलाई पैसाको लागि आग्रह गऱ्यो।

Call back somebody to = कसैलाई फिर्ता बोलाउनु The government called back the Ambassador to Kathmandu सरकारले राजदुतलाई काठमाडौं फिर्ता बोलायो।

Call somebody's attention = ध्यान खिच्नु As the program was to start, the anchor called the attention of the audience कार्यक्रम शुरु हुनै लाग्दा कार्यक्रम संचालकले दर्शकहरुको ध्यान आफूतिर खिचे।

Call round to somebody = जताततै खोज्नु When I called him round he was already away जुन बेला मैले उसलाई जताततै खोजें ऊ त हिँडिसकेको रहेछ ?

Call for somebody = लिन आउनु I with my car will call for you at 7 O'clock tomorrow म तिमीलाई कार लिएर भोलि लिन आउँछु।

Call in at for = गएर ल्याउनु Will you call in at Supermarket for eggs? तिमी सुपरमार्केट गएर अण्डा लिई आउँछौं ?

Call somebody = फोन गर्नु He calls me once a week from London हप्ताको एक पटक उसले मलाई लण्डनबाट फोन गर्छ।

Call something = बोलाउनु I am going to call a meeting next week अर्को हप्ता म बैठक बोलाउँदैछु ।

Call something = आह्वान गर्नु All the students' union are calling a strike tomorrow सबै विद्यार्थी संगठनहरुले भोलि हडताल आह्वान गर्दैछन्।

## सुडोकु-अंक १७७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | | १ | | | |
| | | | ३ | | | | | २ |
| | ६ | | | ४ | | ९ | ३ | ७ |
| | ९ | | | | | १ | | |
| ८ | | ४ | | | | २ | | ६ |
| | | ६ | | | | | ८ | |
| ६ | ४ | ९ | | ५ | | | ७ | |
| १ | | | | | ८ | | | |
| | | | ४ | | ७ | | | |

## अंक १७६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ६ | १ | ९ | ७ | ४ | ८ | ५ | २ |
| ९ | ४ | ७ | ८ | ५ | २ | १ | ३ | ६ |
| २ | ५ | ८ | ३ | ६ | १ | ४ | ७ | ९ |
| १ | ३ | ९ | ७ | ४ | ८ | ६ | २ | ५ |
| ४ | ७ | ५ | ६ | २ | ९ | ३ | १ | ८ |
| ८ | २ | ६ | ५ | १ | ३ | ७ | ९ | ४ |
| ७ | १ | ४ | २ | ९ | ६ | ५ | ८ | ३ |
| ६ | ८ | २ | १ | ३ | ५ | ९ | ४ | ७ |
| ५ | ९ | ३ | ४ | ८ | ७ | २ | ६ | १ |

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

# शब्दचित्रमा डा. शंकरप्रसाद सुरी



## Personal Profile

Name: Dr.Shankar Prasad Suri
Date of birth: 15th Feb 1949
Place of birth: Nagarain, ward no.3, Dist. Dhanusha, now Pradesh no 2
Nationality: Nepalese
Parents: Shri Ram Narayan Sah/ Ram Sunder Devi
Spouse: Malti Devi Suri, housewife
Children: Er.Pramod/spouse Aradhana, Dr Pravin/spouse Dr.Kamini
Recent Address: Jawalakhel, Lalitpur-4, dist.Lalitpur
E mail: drspsuri@yahoo.com

**Education**

Tropical Diseases Course: South Asian Institute, Heidelberg,Germany (Sep1982-Nov1982)
Goethe University Children Hospital, Frankfurt Main, Germany (June1978-Aug1982)
Postgraduate in Paediatrics ( Facharzt fuer Kinderheilkunde ):
MBBS including internship: RNT Medical College, Udaipur City, Rajasthan, India in 1974
Intermediate Science: Amrit Science College,Lainchaur,Kathmandu in 1967
Schooling: Saraswati High School, Janakpur, S L C passed in 1st div in 1965

**Language Proficiency**

Maithili: Mother tongue
Hindi: Commanding in all aspects
English: Higher Education Language, good knowledge
German: 5 months intensive course in Saarbruecken, Germany before joining the hospital In Frankfurt. Good knowledge.

**Professional Carrier**

**Chairman:** Omkaar Polyclinic, Bagdole, Lalitpur,since 2008, working as Paeditrician and Tropical Medicine spcialist.
**Medical Officer:** Shanta Bhawan Hospital in Paediatric department (Apr1975-Jan1978)before going to Germany. During the Postgraduation course in Frankfurt, worked as medical officer( Stationsarzt ) in all the wards of the children hospital.
**Paediatrician:** Kanti Children Hospital for 3 months in 1983.
**Paediatrician &Chairman:** Hargan`s Nursing Home, Jawalakhel (1983-2007) Worked for few months in Tuberculosis Hospital, Kalimati, run by Nepal Tuberculosis Association .

**Institutional Involvement**

Life Member- Nepal Medical Association
Life Member- Nepal Paediatric Society
Life Member- Nepal Cancer Soceity, Lalitpur branch
Vice President- Nepal Tuberculosis Association, Lalitpur branch (2000-2010 )
Medical Adviser ( Cooperationsarzt ) in German Embassy and GiZ, Kathmandu since 2005.
Vice President-Goethe Zentrum Kathmandu Nepal - 2008

**Social Profile**

Past President- Rotary Club of Patan South
Free Clinincs and Free Health Camps- taking part regularly, organized by Rotary club, Paediatric society, Cancer Society and Tuberculosis Association.
Life Member: Nepal German Academic Association (NEGAAS)

**Published Articles:**

Childhood Diseases: My Experience in Germany and Nepal, NEGAAS Professional Journal December 2017.
Pediatrics in Germany and Nepal, NEGAAS Souvenir Issue. July 2011

**Countries Visited**:
India, Bangladesh, Thailnd, USA . All West European Countries including Germany











Dr. Suri along with Former President Walter Schee








## नेपाल...

आयोजना गर्दैछ। नेपाल भ्रमण वर्षबारे जागरण गर्ने र स्थानीय पर्यटन व्यवसायीसँग अन्तर्क्रिया गर्ने र्‍यालीको उद्देश्य रहेको स्कल क्लब अफ नेपालका अध्यक्ष प्रवीनबहादुर पाण्डेले जानकारी दिए । र्‍यालीमा काठमाडौंबाट ३५ जना पर्यटन, एयरलायन्स, होटल र टुर एन्ड ट्राभल व्यवसायी स्वयं गाडी चलाएर सहभागी हुँदैछन् ।

## अमेरिकी...

क्षमता, विश्व शान्ति स्थापनाका लागि नेपाली सेनाको भूमिका तथा नेपाली सेनालाई अमेरिकी सहयोग सम्बन्धका विषयमा छलफल भएको छ ।'

यस किसिमको भेटले नेपाली सेनाको विश्व शान्ति स्थापना कार्यमा थप सहयोग पुग्ने विश्वास लिएको सेनाले जनाएको छ ।

## कालापानी...

छैन । नागरिक स्तरबाट गठित विज्ञ समूहले 'सीमा बचाऔं अभियान' अघि बढाएको छ। एउटा राष्ट्रवादी समूह कालापानीमै अखण्ड धर्ना कार्यक्रम लिएर अघि बढिसकेको छ । संसदको राज्य व्यवस्था समितिले लिम्पियाधुरासहितको नेपालको नयाँ नक्सा जारी गर्न भूमि व्यवस्था मन्त्रालय र नापी विभागलाई निर्देशन दिएको तीन साता बित्न लागेको छ। यो निर्देशन सिंहदरबारबाट नापी विभाग अझै पुगेको छैन । चार साताअघि कालापानीबारे प्रधानमन्त्रीसहित बसेको सर्वदलीय बैठकले 'साझा सहमति जुटाएको थियो । आफैं समेत संलग्न रहेको सर्वदलीय बैठकमा भएको सहमतिको मसी सुक्न नपाउँदै पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले मंसिर ७ मा पोखरा पुगेर तरंग ल्याउने गरी बोले- 'भारतले हाम्रो प्रधानमन्त्री ओलीसँग नै सम्झौता गरेर मात्र नयाँ नक्सा बनाएको हो। होइन भने नेपाली भूभाग मिचिएको प्रस्ट हुँदाहुँदै सरकारले किन पहल गर्दैन ? देउवाको यो भनाइले पोखरामा कांग्रेस उम्मेदवार नै पराजित भए भने राष्ट्रिय हित स्वार्थका हिसाबमा घातक समेत थियो। यही बेलामा श्यामशरणले नेपाली पक्षले कालापानीका बारेमा गम्भीर छलफल नचाहेको लेख लेख्दै नेपाली राजनीतिमा देखिएको छिद्रको भरपुर फाइदा उठाएर प्रहरा गर्न बाँकी राखेनन् ।

सन् २०१४ मा काठमाडौंमा सम्पन्न नेपाल भारत मन्त्रीस्तरीय बैठकले कालापानी र सुस्ताको विवाद समाधान गर्न सचिव स्तरीय संयन्त्र बनाएको यथार्थलाई पूर्वसचिव श्यामशरणले स्मरण समेत गरेका छैनन् । लगत्तै सन् १९५० को सन्धिसहितका सहमति, सम्झौताको पुनरावलोकन गर्न बनाइएको प्रबुद्ध समूह (इपीजी) उच्च आकांक्षा र मार्गनिर्देशनको प्रतिवेदन एक वर्षयता कता कहाँ थन्किएको छ, कसैलाई थाहा छैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त प्रतिवेदन बुझ्न नमानेपछि बेवारिसे अवस्थामा रहेको छ । उक्त समूहका अधिकांश द्विपक्षीय सदस्यहरु राजदूत गभर्नर, प्रधानमन्त्रीका सल्लाहकार भएर चुप लाग्ने स्थितिमा पुगेका छन् । इपीजी प्रतिवेदन भारतले बुझ्न नचाहेको कारण चर्को रुपमा उठेको सीमा विवाद, अनिवार्य परिचयपत्र र कालापानी, सुस्तासहितको सरोकारका विषय नै हुन् । प्रधानमन्त्री केपी ओलीले पूर्व प्रधानमन्त्री एवं नेकपा विदेश विभाग प्रमुख माधवकुमार नेपालको नेतृत्वमा नकपा प्रवक्ता नारायणकाजी श्रेष्ठ र प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार राजन भट्टराईसहितको टोली दिल्ली पठाउन खोजे पनि दिल्लीले अहिलेसम्म 'कुनै रेस्पोन्स' नगरेको बताइन्छ । कालापानी विवादबारे भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छलफल गर्न वरिष्ठ नेता माधव नेपाल प्रधानमन्त्री ओलीको विशेष दूतका रुपमा दिल्ली जान तयारी अवस्थामा छन् । भारतीय राजदूत मन्दिप सिंह पुरीलाई यसको जानकारी गराउँदा पनि दिल्लीले वास्ता गरेको छैन । यसको सिधा अर्थ हो कालापानीमाथिको नेपालको दाबी भारत सुन्नसम्म चाहँदैन ।

प्रधानमन्त्री केपी ओलीले कालापानीबारे बोलेपछि उनका सल्लाहकारहरु, मन्त्रीहरु कालापानी हाम्रै हो, राष्ट्रवादी स्वर सुनाइरहेका छन् । भूमि व्यवस्था मन्त्री पद्मा अर्याल कालापानी देखिने नक्सा आफ्नो कक्षमा राखेर ढुक्कसँग बसेकी छन् । भारतीय विदेश सचिव श्यामशरणले त्यसै भनेका छैनन्- 'नेपाली पक्षले यो (कालापानी) विषयलाई भाषणबाजीका रुपमा मात्रै उठाउने गरेको छ। तर बैठकमा गम्भीर छलफल गर्न भने सधैं अनिच्छुक छ । नेपालका लागि सीमा समस्या हल गर्ने अहिलेको उचित समय र अवसर बहसमा सीमित हुँदै गएको छ। आजसम्मका सरकारका सबै नेतृत्वले सीमा समस्याका कुरा झिनो स्वरले त उठाउने, राजनीतिक अनिश्चितताका बीच जसोतसो कार्यकाल पूरा गर्ने तर मुद्दा समाधान गर्ने हिसाबले गम्भीर पहल गर्न नसक्ने कारणले नै सात दशकदेखि कालापानी, सुस्ता विवाद कचल्टिएको हो । बेलायती उपनिवेशको विरासत बोकेको भारतलाई रिझाएर मात्र शक्ति र सत्तामा पुग्न र टिक्न सकिन्छ भन्ने राणाकालीन मनोविज्ञानले सीमा समस्या भारतसामु राख्ने र विकल्पमा बहस गर्ने साहस नेपाली नेतृत्वमा नभएकै हो । परराष्ट्र सम्बन्ध, सीमा र राष्ट्रिय सुरक्षाजस्तो गम्भीर र संवेदनशील मुद्दालाई दलीय राजनीतिको खपतको विषय बनाइनु हुँदैन ।

पर्याप्त तथ्य र प्रमाणलाई आधार बनाएर लिम्पियाधुरा लगायत कालापानी नेपालको भूभाग भएको र त्यसबारे भारतसँग छलफल अघि बढाउनका लागि मन्त्रिपरिषद्बाट अहिलेसम्म औपचारिक निर्णय भएको छैन । न त यस विषयमा परराष्ट्र मन्त्रालयले भारतीय राजदूतलाई बोलाएर विरोध जनाएको छ। कूटनीतिक नोट पठायौं भनेर जनतालाई बेबकुफ बनाउने काम मात्रै भइरहेको छ। यदि भारत सीमाका विषयमा संवाद गर्न चाहँदैन भने यो विषय संयुक्त राष्ट्रसंघमा पुर्‍याउन ढिलाइ गरिनुहुन्न ।

## लिपुलेक...

अंकित गरेर गम्भीर गल्ती गरेको जानकारहरु बताउँछन् ।

वि.सं. २०१६ मा चीनसँग सीमा सन्धि गर्दा पश्चिम हद भनेर लिपुलेक उल्लेख गरिएको छ । यसमा भारतको पनि सहमति थियो । लिपुलेक नेपाल र चीनको सिमाना हो भन्नेमा भारतको त्यसबेला विवाद थिएन । कालीको कृत्रिम मुहानकै आधारमा भारतले कुटी, नाबी, गुन्जी, कालापानी र लिपुलेक सहितका करिब ३८५ वर्गकिलोमिटर नेपाली भूभाग (करिब तीनवटा भक्तपुर जिल्ला बराबरको) मा कब्जा जमाएको छ । कालापानी क्षेत्रमा भारतले ८ वटा सैनिक पोस्ट राखेको छ । सन् १९५२ मा तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतलाई नेपालको उत्तरी सिमानामा १७ वटा सैन्य पोस्ट राख्न अनुमति दिएका थिए । धौलाकोटको पारितर्फको तवाघाटदेखि महाकाली नदी साँघुरिँदै गएको छ । सडक निर्माणका क्रममा प्रयोग गरिएको विस्फोटले नेपाली बस्तीलाई जोखिममा पारेको छ । विस्फोटकै कारण दुम्लिङदेखि दोपखेसम्मको दार्चुला तिंकर घोरेटो बाटो ठाउँठाउँमा भत्किएको छ । २०७० मा पनि धौलीगंगा जलविद्युत परियोजनाको ड्याम खोल्दा महाकाली तटीय क्षेत्रमा ठूलो जोखिम उत्पन्न भएको थियो । अहिले पनि महाकाली थुनिए तल्लो क्षेत्रका बस्तीलाई ठूलो क्षति पुग्ने स्थानीय बताउँछन् । भारतले सन् २०२० भित्र लिपुलेक नाका जोड्ने गरी सडक निर्माण गर्दैछ। लिपुलेक भएर चीनको मानसरोबरका लागि भारतीय तीर्थयात्रीहरु जाने आउने गर्छन् ।

## रत्नपार्क...

गाउँबाट आएका मान्छेहरु ठगिने गरेका समाचारहरु पनि बाहिर नआएका होइनन् । अहिले रत्नपार्कमा दिनहुँ युवाहरु यौन प्यास मेटाउने नाममा ठगिइरहेका छन ।

गाउँबाट आएका युवाहरु ठगिनेमा पहिलो निसानामा सोझा युवाहरु पर्ने गर्छन् । रत्नपार्कमा हुने यौन क्रियाकलापका गतिविधिलाई कडाइ गरिएको र अहिले त्यस किसिमका घटनाहरुमा कमी आएको कुरा जिम्मेवार निकायबाट आइरहन्छन् ।

तर उक्त निकायको भनाइ र त्यहाँको क्रियाकलाप नियाल्दा मेल खाँदैन । साँझ ७ बजेपछि रत्नपार्कको बाहिरी गेट वरिपरि र पुरानो बसपार्कभित्र यौन सम्बन्ध राख्नका लागि मोलमोलाई सुरु हुन्छ। प्रहरीहरु पनि घुमिरहेका हुन्छन्। तर प्रहरीलाई वेवास्ता गर्दै युवायुवतिहरुबीचमा मोलमोलाई भइराखेको हुन्छ ।

एक पटक यौन सम्बन्ध राखेको १५ सयदेखि २५ सयसम्म दिने भनेर युवाहरुलाई नजिकैका गेष्टहाउसमा लगिन्छ। गेष्ट हाउसमा इन्ट्री गराएपछि पहिला नै रु ५०० देखि १००० सम्म भाडा तिराइन्छ । कोठामा लगेर विभिन्न वहानामा प्रहरीको डर देखाइन्छ। हामीले यहाँका प्रहरी किनेका छौं, मासिक २८ देखि ३५ हजारसम्म रकम प्रहरीलाई बुझाउनुपर्छ भन्दै तर्साइन्छ । यदि सबै पैसा नदिए प्रहरीलाई बोलाउने र बलात्कार गर्‍यो भनेर बेइज्जत गर्ने धम्की पनि दिइन्छ। त्यतिमात्र नभएर पैसा मोवाइल लगायतका सामान लुटेर युवाहरुलाई खेदाउने गरेको समेत पाइन्छ ।

यस घटनामा गेष्टहाउसका मान्छे रमिते भएर हेर्ने गरेका छन् । अहिले रत्नपार्क दैनिक रुपमा कयौं युवाहरु ठगिने अखडा बनिरहेको छ । तर पनि यसमा प्रहरीले

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-१७



खोमदत्त बराल

यसै पंक्तिकारले पनि डाक्टरको आसयमा थप जानकारीकोृ लागि के डा. बिमल छाछेड ख्याति कमाएका डाक्टर हुन भनेर सोध्ना साथ डा. बिमल जस्ता मानिसलाई यारेष्ट गर्नु पर्ने । मानिसहरुलाई बेकुब गर्दै हिड्नुहुन्छ । जे कुरा हुँदैन त्यस्ता कुरालाई माध्यम बनाइनु हुन्न । बिबिध परिक्षण गर्नका लागि मानिसलाई माध्यम बनाएर दुःख दिने काम डा. बिमल छाछेडले गर्ने गरेको राम्रो हुदैन । डा. बिमल छाछेड स्पोलो र नयाँ दिल्लीका सबै अस्पतालमा राम्रो नाममा रहेनन् । डा. राजदुतले सल्लाह दिए । दबाइको पनि प्रयोग गर्ने र अरु साधन प्रयोग गर्दा दबाइले निको हुन्छ । अनि मेसिनको प्रचार गर्ने ठगि काम हो भन्दै यसो गर्नु राम्रो हौइन भन्ने सन्देश डा. राज्यूतको थियो ।

उमाजीको स्वास प्रश्वास समस्याको लागि पनि दबाइ सिफारिस गरेका छन् । काठमाण्डौंमा गएर डाक्टर सँग सल्लाह पछि मात्र दबाइको प्रयोग गर्ने या कसो गर्ने भन्ने यकिन हुन्छ । एपोलोको काम सकियो । डाक्टरलाइ धन्यवाद ब्यक्त गरेर बाहिर निस्कीयो । बाहिर ब्रुसरहरु लिएर के के कस्ता रोगको उपचार हुदो रहेछ हेर्नु र बुझ्नु आबस्यक पनि पर्दछ । दुई चार ब्रुसर बोकियो । बाहिर निस्केर एक जना सुरक्षाकर्मी सँग रिठाला जाने बसको खोजी गरियो । रिठाला भन्दा नजान्ने रोहिणी भन्दा मात्र थाहा पाउँदा रहेछन् । उनले बाटो पारीबाट बस जान्छ कहाँ कहाँको पाइन्छ थाहा छैन । त्यहिबाट बुझेर जानु राम्रो भनेर ती सुरक्षाकर्मीले बताइ दिए । ती सुरक्षा कर्मी लगभग सात फुटकै अग्लाइ थिए होला निकै अग्ला सुरक्षाकर्मी रहेछन् । एपोलो बाट बाहिर निस्केर बाटो पार गरीयो । बस स्टपमा पुगियो । बस स्टपमा पुग्ना साथ बदमपुरबाट गाडी पनि आइपुग्यो । कन्डक्टरलाइ रोहिणी पुग्छ भन्ने सोधनीमा गाडी चाहीं कस्मिरी गेट सम्म मात्र पुग्छ तर कस्मिरी गेटबाट मेट्रोमा चढेर रोहिणी जान सजिलो हुने कुरा बताए पछि बस चढियो । उमाजीले महिला आरक्षण सिट पाइन आफु लामै समय उभिनु पर्‍यो । पर्खाइ पछि महिला आरक्षण सिटमा नै बस्ने ब्यबस्था त मिल्यो । उही शंस्कास्पद महिला सिट । महिलाहरुले आँखा तानी हाले । जे भए पनि लाज पचाएर महिला सिटमा बसियो। सरिता बिहारबाट गाडी चढियो । पहिला त कहाँ कहाँ लाग्यो बाटो थाहा भएन । एक ठाउँमा कस्तुरवा माहात्मा गान्धीको श्रीमती बालिका बिद्यालय देखियो । अलि अगाडी आए पछि चांदनी चोक हुदै लाल किल्लाको बाटो गाडी अघि बढ्यो । दि टाइम्स अफ इण्डियाको कार्यालय पनि आयो । शान्तिबन राजघाट । माहात्मा गान्धी साहित्य केन्द्र हुदै सराय काले खान बस स्टपको बाटो अघि बढेको गाडी सुभास भन्द्र बोसको गार्डन हुँदै कश्मिरी गेटमा ल्याएर बस रोकेको थियो । कस्मिरी गेटमा उमाजी सँग दुई दुई ग्लास कागती पानी खाए पछि मेट्रोको टोकनको लाइन बसियो । यात्रुको भिड भाड त्यति थिएन । छत्तिस रुपैंयामा दुईटा टोकन लिएर तीन तला माथि मेट्रो यात्रामा लाइन बसियो । लाइन लाग्दा लाग्दैं मेट्रो आइपुग्यो । मानिस खचाखच भरिभराउ छ । मेट्रोको अघिल्लो भागमा खालि त होइन सीटहरुमा महिला बर्गको भरीभराउ नै छ । उमाजीले पनि सीट कब्जा गर्न भ्याइन् । आफू पनि चाहेको भए एक थान बस्ने ठाउँ हात पार्न सक्थे। तर कसो कसो सीटमा बस्न मनले मानिरहेको थिएन । म जहाँ उभिएको थिए त्यो त मेट्रोको अघिल्लो भाग । बिशेष रुपमा नै महिलाहरुको आरक्षण कोठा रहेछ। दुई तीन स्टेसन सम्म खासै ख्याल गरिएन, खडा छु। चारैतिर महिला मात्र छन् । यो मुर्ख मानिस किन यसरी दण्डनिय क्षेत्रमा प्रबेश गरेको छ भन्ने लाग्दो हो ती महिलालाइ दुई चार आँखा सँग आफ्ना आँखाको लडाइ पर्‍यो । तर ती आँखाहरुले धन्य हो तेरो बुद्धि भन्दा रहेनछन् क्यारे । धेरै पर कुनामा एक आकर्षण ज्यानको आफूतिर आक्रमण आँखा लगाएको रहेछ । बिहान एम्स अस्पताल यात्राको महिला सिट भन्दा यो त दण्डनिय नै रहेछ । मेट्रोमा घोषणा भइरहेको सुने । मेट्रोको अघिल्लो भागको कोठाा महिलाको आरक्षण कोठा हो पुरुष बर्ग उक्त कोठामा प्रबेश गरेमा दण्डनिय अपराध ठहरिन्छ, सजाय हुन्छ । कृपया प्रबेश नगर्नु होला भन्दै थियो । बिहानको नैतिक दवाब मात्र थियो । मनो बैज्ञानिक रुपमा आफूमा अपराध बोध मात्र भएको थियो । तर यस मेट्रोमा भने दण्डनीय अपराध हुन्छ भनेर पटक पटक धेरै पटक घोषणा भएको छ । थाहा पाइन भन्ने पनि नहुने रहेछ । घोषणा सुन्ना साथ यस बुद्धिमा बिर्को लागेको प्राणीले दण्डनीय क्षेत्रबाट आफ्नो क्षेत्रमा प्रबेश गर्‍यो । उमाजीलाइ थाहै नदिइ निकै टाढा गएकोमा उसले पनि अरु केही सोचेको हुनु पर्छ । आफू सुरक्षित क्षेत्रमा गएको महसूस गर्दै थिए । एउटा कलेज ब्याय नै होला । दण्डनीय क्षेत्रमा नै स्वतन्त्र रुपमा बिचलन गर्दै थियो । एउटी बाइस पच्चिसकी केटीले त्यस केटालाई कोट्याएर एही तं यहाँ कीन । यो आइमाइ मानीसको आरक्षण क्षेत्रमा किन भन्दै गर्दा महिलाको आरक्षण क्षेत्रबाट मध्य भागतीर आउँदै थियो । केटीले त केटालाइ यही तँ बिचौलिया बीचको मान्छे हो महिला पनि होइस् र पुरुष पनि होइनस् कि यसै बिचको मानिस होस् भने यहाँ बस होइन भने उता जा भनेर केटीले भन्नासाथ केटो पनि करायो । किन यसो भन्छेस् यो ठाउँ अलि भिडभाड कम भएकोले यहाँ बसेको तैले बिचको मानिस भनेर के भन्न खोजेको भनेर केटो पनि कडकियो । केटीलाइ अक्क न बक्क बनायो । केटीले सुरक्षाकर्मी खोज्दै थिइ तत्काल यहाँ उपलब्ध भएन । केटोले पनि ले न जा पुलिस खोजेर ले पुलिस न्याय अन्याय केही नसोची कारबाही गर्दैन होला भनेर कडै कराइ पछि एउटी अर्की बसेकी केटी पनि तैले दण्डनीय अपराध गरेको हो भन्दै थिइ । त्यति बेलै बाहिरबाट फोन आयो । अर्को स्टेसनबाट केटो बाहिरियो । केटी भने अन्तिम स्टेसन रिठालामा पुग्दा सम्म हारेको प्रतिस्पर्धी झैं भनेर बसेकी थिइ । हामी पनि रिठाला पुगियो निस्कीयौं ।

२०६८/१/२१ यस पंक्तिकारले उहिले भारतको इतिहास पढ्दा जुन कुरा भारतबर्षमा छैन त्यो कुरा अरु मुलुकमा पनि पाइदैन भन्ने पढेको थिए। तर हालमा भने भारतमा नभएका कुरा संसारमा धेरै रहेछन् भन्ने कुराको जानकारी त भयो नै । यति बेला अर्को कुरा संसारमा नै नभएको कुरा पनि भारतमा पाइदो रहेछ भन्ने जानकारी आएको छ। गाउँ गाउँमा सामन्तीहरुले आफ्ना सेना राखेका छन् । सुरक्षाको नाममा गाउँ नै पूरा बलात्कार, हत्या र चोरी डकैती सामन्तशाही युगको हबिगत छदैछ। धेरै जसो बिद्यायकहरुको हत्या, डकैती र बलात्कार काण्डमा फसेका छन् । यी अपराधीहरुलाइ कुनै कानुनी कारबाही गर्न सकेको हुदैन ।

(क्रमशः)

कुनै कडाइ गरेको पाइँदैन । यौन प्यास मेटाउने बहानामा ठगिएका युवाहरु इज्जत जाने डरले प्रहरीसम्म पुग्दैनन् । जसले गर्दा यौन सम्बन्ध राख्न दिने भन्दै लाम लागेर बसेका युवतिहरुलाई मालमाल पैसा कमाउने समय अनुकूल बनिरहेको छ । हामीले त यहाँका प्रहरीहरुलाई किनेका छौं भन्दै प्रहरी संगठनको नै धज्जी उडाउने काम भइराख्दा पनि प्रहरी बेखबर छ । प्रहरीकै अगाडि मोलमोलाई हुँदा पनि प्रहरी रमिते बनेर बसेको छ। यस किसिमका विकृति अन्त पनि नफैलिएला भन्न सकिन्न । त्यसकारण रत्नपार्कमा हुने ठगिका क्रियाकलापलाई कडाइका साथ रोक्न प्रहरी संगठन लाग्नु पर्‍यो । कसैले यौन सम्बन्धको प्रलोभनमा पार्छ भने त्यसमा विश्वास नगर्न पनि आम युवा वर्ग सचेत हुनुपर्छ। आफ्नो वडामा यस किसिमका गतिविधि भएको समाचार बाहिर आउँदा स्थानीय सरकारका लागि पनि लज्जाको विषय नहोला भन्न सकिन्न ।

विशेषगरी रातिको समयमा यस्ता घटनाहरु हुने हुनाले प्रहरीले कडाइका साथ नियमन गर्ने र यदि कसैले ठगिएको उजुरी गरेमा पहिचान गोप्य राखी ठग्नेलाई कडा कारवाही गर्ने अभियान चलाउन आवश्यक छ । कि त सरकारले यौन गतिविधिका लागि क्षेत्र तोक्नु पर्‍यो कि त यस किसिमका क्रियाकलापलाई पूरै रोक्ने किसिमको अभियान चलाउनु पर्‍यो नत्र यो अघोषित रेड एरिया बन्न दिएर कयौं युवाहरु ठग्ने अखडा नबनोस् रत्नपार्क । जुन गेष्ट हाउसमा लगिन्छ उक्त गेष्टहाउसमा पनि प्रहरीको नियमित रुपमा नियमन र निगरानी हुनुपर्छ । हैन भने यस्ता घटनाहरुले हाम्रो समाज दुर्गन्धित बन्दै जान्छ । हरेक नयाँ मान्छेहरुको चाप हुने क्षेत्र भएको हुनाले पनि प्रत्येक नयाँ मान्छेलाई प्रलोभनमा परी ठग्न सहज भएको पाइन्छ ।

विशेषगरी काठमाडौं महानगरपालिकाले पनि यसमा निगरानी राख्नुपर्छ । बालबालिका खोजतालास केन्द्रले भर्खरै रत्नपार्क क्षेत्रबाट ग्राहक कुरेर बसेका धेरै किशोरीहरुलाई समातेको खबर बाहिर आउँदा पनि सम्बन्धित निकायले चासो नदिनु दुःखको विषय हो । कानुनले बन्देज लगाएको विषय खुलेआम यौन धन्दाका नाममा ठग्ने काम भइरहँदा पनि सम्बन्धित निकाय किन मौन ?

## भारतमा...

संविधानले नै रोकेको उनीहरुको तर्क छ । आलोचकका भनाइमा विधेयक स्वीकृत गर्ने कदम भारतीय संविधानको धारा १४ ले प्रदान गरेको समानतासम्बन्धी अधिकार, विपरीत छ । विधेयक लोकसभाबाट सजिलै पारित हुने देखिन्छ तर माथिल्लो सदन राज्यसभाबाट भने पारित हुन कठिन छ ।

## सीमा हस्तक्षेप...

लामो रहेको र यसको समाधानका लागि दुई देशस्थित विदेश मन्त्रालयका उच्च अधिकारीहरूबीच वार्ता भइरहेको अवस्थामा त्यसको निचोड नआउँदै नक्सा जारी गरिनु विडम्बना भएको पत्रमा जनाइएको छ। भारतको उक्त कार्य अन्तर्राष्ट्रिय मूल्य-मान्यताविपरीत भएको पत्रमा उल्लेख छ। 'नाराबाजी, होहल्ला र उत्तेजना निषेध गरिएकाले हामीले अनुशासित र मर्यादित ढंगले विरोध गर्‍यौं,' एनआरएनए युके महासचिव फडिन्द्र भट्टराईले भने, 'नेपाल भारत सीमा समस्या समाधानका लागि हामी एनआरएन जस्तोसुकै कदम चाल्न पनि तयार छौं र नेपाल सरकारको कदमप्रति ऐक्यबद्धता छ।'

## जलवायु...

औसतमा एक डिग्री सेल्सियस तापक्रम बढी भएको पहिलो वर्ष सन् २०१५ थियो । त्यसयता प्रत्येक वर्ष विश्वको तापक्रम औसतमा एक डिग्रीको वरपर नै रहेको छ र आगामी पाँच वर्षमा यो बढ्न सक्ने अनुमान गरिएको छ। सो प्रतिवेदनले सन् २०३० सम्ममा त्यो संघार नाध्न नदिनका लागि विश्वभरी व्यापक रूपमा कार्बन उत्सर्जन कम गर्नुपर्ने देखाएको थियो। बेलायतको मौसम विभागले आगामी पाँच वर्षमा त्यसो हुनसक्ने सम्भावना १० प्रतिशत रहेको देखाएको छ। बेलायती मौसम विभागले आफ्नो प्रक्षेपणमा आफू ९० प्रतिशत विश्वस्त रहेको पनि दाबी गरेको छ। सन् २०१९ देखि सन् २०२३ सम्ममा तापक्रम औसत १.०३ देखि १.५७ डिग्री सेल्सियससम्म बढ्ने र पृथ्वीका ध्रुवीय विन्दुहरूमा ज्यादा तातो हुनेछ। आफ्नो विगतका प्रक्षेपणहरू मिलेको आधारमा यो प्रक्षेपण पनि मिल्ने दावी अध्ययन समूहको छ। विश्व मौसम विज्ञान संगठनले प्रकाशित गरेको तथ्यांकमा हालसम्मका सबैभन्दा गर्मी २० वर्षहरू सबै गएको २२ वर्षको अवधिमा भएको बताएको छ।

## सैनिकको...

भारतले झन् नेपालको तिनैतर्फबाट आक्रमण गर्दै आएको छ । उत्तरतर्फ पनि अपवादमा नहोला यता नेपाली सेना र शासकलाई सीमा सुरक्षाको त झन मतलबै छैन । गिरिजा काजी लैण्डुप दोर्जेहरु र भारतसँगको मेलमिलापमा राजवंश उन्मूलन गर्नु प्रधानमन्त्री, प्रधानसेनापतिले राजीनामा नदिनु र उल्टो निर्दोष स्व. श्री ५ युवराज राजालाई नै हत्यारा घोषित गरिनु कत्रो षडयन्त्रात्मक बिडम्वना, कत्रो घोर तानाशाही अत्याचार !, नेपाल त झन् साँगुरिइ बँदेलबाट छुचुन्द्रोजस्तो भैसक्यो ।

त्यसो भए प्रज्ज्वल, प्यारजंग, गौरव, रुक्मांगदहरुलाई प्रश्न- हितकला, चन्द्रकला, मैना, सपना आदि इत्यादी हाम्रा असंख्य चेलिबेटी, आमा, श्रीमती, दिदी बहिनीहरुलाई दिउँसै कहाँ कस्को घरमा सुन्दरी महिलाहरु छन् पत्ता लगाइ बेलुका अपहरण गरी माओवादी वा कुनै अपराधीको खोजको बहानामा बलात्कार गरी मार्ने वा ब्यारेकमा ल्याई सामुहिक यौनदासी गराइ राख्ने, राष्ट्रिय, अन्तर्राष्ट्रिय मिडियाको दबाब भए मुद्दा आफै हेर्ने, आफैं धामी आफैं बोक्सी । अत्याधिक जानकारीका लागि 'अनौपचारिक क्षेत्र सेवा केन्द्र' इन्सेकका बर्ष पुस्तकहरु हरेक बर्षका हेर्दा सेना र प्रहरीको ज्यादती कस्तो थियो वेथान, भैरवनाथ गण कर्णेल बबी खत्री, सुमन, अमितकुमार लामाहरुले कतिसम्म गरे केही थाहा हुन्छ ।

अझ जेठको प्रचण्ड गर्मीमा पनि जुरुङ जुरुङ काँडा उम्रिने अवर्णनीय दुर्घटना ०७६।७६ गते बुधबारका दिन कान्तिपुर दैनिकको मुख्य पृष्ठमा प्रकाशित दाङ घोराही कि १८ वर्षीया निर्दोष युवतीलाई अपराधी नै भए पनि गर्नु नहुने ०५८ साल मंसिरमा सेनाका तालिम प्राप्त दुई टन डाँगा कुकुरबाट बर्दियाको जङ्गल नजिक खेतमा मानिसले मात्र नभएर पशुबाट पनि बलात्कार गराइने नेपाली सेनाको कुकृत्यम कुन शब्दले भत्सर्ना गरौं ?, कुनै शब्दकोषहरुमा पाइने यस्ता अरु कुकर्म ती निरीह महिलाहरुमा सेना र प्रहरीहरुद्वारा कति घटे होलान्, कति दुर्भाग्य !

यता देशको दशा करिब २१५ वटा राष्ट्र भएको विश्वमा ठूला ९२ र साना १२२ वटामै १,४७,१८१ वर्ग किलोमीटर क्षेत्रमै ९३ नं को ठूलो देश भएको नेपाललाई नामको मित्र कामको शत्रु भारतले उसको नक्सामा ५,७८१ वर्ग किलोमिटर क्षेत्र घटाएर १,४१,४०० वर्ग किलोमिटर क्षेत्र लेख्तै आएको छ। यसबारे भारतीय नक्सा प्रधानमन्त्री हुनुभएका बेला श्री बीपी कोइरालालाई २०१७ साल मङ्सिर २३ गते मैले देखाउँदा अति संवेदनशील समस्या रहेछ, म दश दिनभित्रमै प्रधानमन्त्री जवाहरलाल नेहरुलाई भनेर समाधान गर्छु भनी मलाई भन्नुभएकोमा राष्ट्रघातक राजा महेन्द्रले १ हप्तामै कु गरेपछि बीपी कोइरालाले केही गर्न पाउनु भएन । २०१७ साल पौषको कालो दिनले नेपालले काँचुली फेर्न पाएन ।

अझ २०७५।६।१४ गते आइतबारको दिन अन्नपूर्ण पोस्ट दैनिक पत्रअनुसार अहिले घटेर नेपालको क्षेत्रफल १,३७,१६२.०३५ वर्ग किलोमिटर थियो भने ०७६।७२१ गते बिहीबारका पत्रिकाले सबैको मुख्य पृष्ठमा छापिएबमोजिम ५ दिनपहिले १७ गते कार्तिकअनुसार हाम्रो लिम्पियाघुरा, लिपुलेक र कालापानी पनि आफ्नै नक्साभित्र परेछ र त्यही क्षेत्रमा मात्रै ३९५ वर्ग किलोमिटर क्षेत्रफल कब्जा गरिसकेछ ।

नेपालमा मात्र होईन ४०० बर्ष पुरानो राजतन्त्रात्मक देश सिक्किमको पहिले ७२९८ वर्ग किलोमीटर क्षेत्रफल थियो । उसले कब्जा गर्ने दिनै सन् १९७५(९(४ मा नेपालमा जस्तै सिमानामिचिमिची उसले कब्जा गर्नुभन्दा अगाडी नै २०२ वर्ग किलोमीटर क्षेत्रफल अतिक्रमण गरिसकेछ उसैको औक्सफोर्ड एटलस सन् १९६८ र अर्को सन् १९९३ को अट्ठाइसौ संस्करण जस्मा ७०९६ वर्ग किलोमीटर क्षेत्रफल मात्र बाकी छ र त्यसरी कब्जा गरेको बखत ४०० वर्ष पहिले देखि निरन्तर शासन गर्दै आइरहेको करिब पौने दुई लाख जनसंख्या र २४३ मात्र सेनाको संख्या भएको राजा चोग्यालपाल्देन थोणडूप नामग्यालको प्रमुसत्ता सप्पन्न सार्वभौम स्वतन्त्र देशलाइ ( बि .सं २०३१(१२(२७ गते बुधबार मा) जल स्थल र वायुसेनाका लाखौपुर्ण प्रशिक्षित मध्यवाट पनि उत्कृष्टतम् भनी छनिएको ५००० कमाण्डोहरु द्वारा एकाएक विधुतिय गतिमा हमलागरि निर्दोष राजप्रसादको ढोकामा वसेको १९ वर्षिय वसन्तकुमार क्षेत्रीलाई पूर्वोक्त कमाण्डोहरुले हत्या गर्ने ठूलो बहादुरी गरेका थिए ।

भारतीय शासकहरुले प्रातःस्मरणीय भगत सिंह, चन्द्रशेखर आजाद, गुरु गोबिन्द सिंहका पुत्रद्वय, झासिकी विरांगना, वीर प्रसूता रानी, शिवाजी, महाराणा प्रताप आदिको अनुकरण नगरेर अतिकुमणकारी, विस्तारवादी सिकन्दर मुहम्मद गोरी, नादिर शाह, मुहम्मद गजनवी, तुग्लकमु, इब्राहिम लोदी, बावर, फ्रान्सिसी, डच, पोर्तुगिज, अङ्ग्रेज आदि इत्यादि भूतपूर्व मालिकहरुसँग अतिक्रमण गर्ने कुकर्ममात्र सिकेछन, नीति शास्त्रले भनेको छ 'दिपो भक्षयते ध्यान्त कज्जलंच प्रसूयते , यदन्नं भक्षयेन्नीत्यं जायते तादृशी फ्रजा ।' मालिक को ताडनाले इनिहरुको रऊ रऊमा भिजेको छ ।

आततायीवाट वचन हामी आत्मनिर्भर हुनुपर्दछ । हामी भूपरिवेष्टित भएपनी ईश्वरले आत्मनिर्भर हुन नेपाललाइ पर्याप्त पाञ्चभौतिक पदार्थ दिएका छन्। घाम, हवा, तेज वा सूर्यकिरण, जमिन र पानी त संसारमा दोस्रो नम्बरको धनि छौ । केही दशक अघिसम्म नेपालले विविध अन्न, दलहन, तेलहन, जडिबुटी औषधिजन्य पदार्थहरु त्यही भारतलाई निर्यात गर्थ्यौं, अहिले झन सक्छौ, हरियो वन, नेपालको धन भनेकै छौ । कपडाजन्य वनस्पती, उनी जन्नी भेडा, च्याङ्ग्रा, रेशम कपडा जन्य रेशमकिरा पालन व्यवसाय, सामेबावियो, अल्लो, सनपाट, केराको बोट, ओदाल रभझिगनीको बोट आदि इत्यादि वाट कपडाहरु निर्यात गर्न सम्म सक्ने सम्पदा वनस्पतिमै छ भने डिजेल जस्तै यस संसारमा चौबिसै घण्टा नभैनहुने गाडिहरुमा इन्धनका लागि प्रयोग हुने अण्डि, माझिबार (जट्रोफा, चिउरिको कोविया, बर्षको साल आदि विविध वनस्पतिको फलहरुको बियाबाट डिजेल जस्तो बहुमुल्य पदार्थ आफ्नु देशमा मात्र होइन अपितु बाह्य मुलुकमा पनि निर्यात गर्न सक्ने सम्पदा पर्याप्त छन् ।

(क्रमशः)